# लेखापरीक्षण प्रतिवेदन

# कपुरकोट गाउँपालिका, सल्यान

आर्थिक वर्ष २०८१/८२



## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

# कपुरकोट गाउँपालिका, सल्यान

आर्थिक वर्ष २०८१/८२

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

**स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide Independent and Quality Audit Service)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| स्वतन्त्रता | *(Independence)* |
| निष्ठा | *(Integrity)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |
| व्यावसायिकता | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

**(तोयम राया)**

**२०८३ वैशाख** **महालेखापरीक्षक**

**महालेखापरीक्षकको कार्यालय**

**Office of the Auditor General**

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, कर्णाली प्रदेश**

**काठमाडौं**

प.सं.:2082/83 मिति : २०८३-१-२९

च.न :APPROVED/FAR/2081-82/LOC/542

श्रीमान् अध्यक्षज्यू,
कपुरकोट गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय, सल्यान।

**विषय - लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।**

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१।८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको बेहोरा जानकारीका लागि अनुरोध छ।

( टिकाराम श्रेष्ठ )
नायब महालेखापरीक्षक

**महालेखापरीक्षकको कार्यालय**

**Office of the Auditor General**

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, कर्णाली प्रदेश**

**काठमाडौं**

प.सं.:2082/83 मिति : २०८३-१-२९

च.न :APPROVED/FAR/2081-82/LOC/542

**विषय: लेखापरीक्षण प्रतिवेदन ।**

श्रीमान् अध्यक्षज्यू,

कपुरकोट गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,

सल्यान ।

**१.कैफियतसहितको राय**

हामीले यस गाउँपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियतसहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८२ आषाढ मसान्तमा समाप्त भएको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**२.कैफियतसहितको राय व्यक्त गर्ने आधार**

२.१. महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा वित्तीय विवरण तयार गर्नु पर्नेमा यस पालिकाले तयार पारेको वित्तिय विवरणमा अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतका कारोबार समावेश गरेको छैन।

२.२. गाउँपालिकाको आय व्ययतर्फ रु. ९१ करोड ५६ लाख ८४ हजारको लेखापरीक्षणबाट रु.८० लाख ६५ हजार बेरुजु देखिएकोमा प्रतिक्रियाबाट रु.५ लाख ३० हजार फस्योँट भई असुल गर्नुपर्ने रु. २ लाख ८३ हजार र नियमित गर्नुपर्ने रु.७२ लाख ५२ हजार गरी जम्मा रु.७५ लाख ३५ हजार बाँकी रहेको छ।गत वर्षसम्म कायम बेरुजु रु.१५ करोड ४० लाख १० हजार मध्ये रु.१ लाख ५२ हजार फस्योँट भई यसवर्षको थप समेत हालसम्म अद्यावधिक बेरुजु रु.१६ करोड १३ लाख ९३ हजार बाकी रहेको छ।बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले गाउँपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन।हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ।वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौँ। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौँ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**३.अन्य बेहोरा**

लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ।गाउँ कार्यपालिका,अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**५.वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ।लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ।यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन।वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आकडा मानिएको छ।



( टिकाराम श्रेष्ठ )
नायब महालेखापरीक्षक

## बेरुजु वर्गीकरण

### चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट सम्परीक्षण | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएका | प्रमाण कागजात पेश नभएका | जिम्मेवारी नसारेका | सोधभर्ना नलिएका | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ७६ | १०३ | ८०,६५,१४९ | ० | ८६ | ५,३०,३३८ | ० | ७६ | १७ | ७५,३४,८११ | २,८३,१२९ | ७२,५१,६८४ | ० | ० | ० | ७२,५१,६८४ | ० |

### अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| सल्यान | १५,४०,०९,९४३ | ० | १,५१,७१५ | १५,३८,५८,२२८ | ० | ७५,३४,८११ | १६,१३,९३,०३९ |

### बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०८१/८२ | ७७ | निष्कृय खाता | ४,८४,०३६ |
| २ | २०८१/८२ | ८२.२ र ८२.३ | आलेपतर्फ | ४६,३०० |
| ३ | २०८०/८१ | ६४ र ८४ | पारिश्रमिक कर | १९,३२१ |
| ४ | २०८०/८१ | ८७ | छात्रवृत्ति अनुदान | १,८०० |
| ५ | २०७९/८० | २२.४ | संघिय सशर्त चालु | ६,६०० |
| ६ | २०७९/८० | २०.१ र २०.५ | लघुउद्यम विकास कार्यक्रमतर्फ | ४,३२५ |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| ७ | २०७९/८० | १३.९ | पालिका चालु | ९,०१५ |
| ८ | २०७८/७९ | ५८ | प्रशिक्षक भत्ता | ३,२३० |
| ९ | २०७८/७९ | ७०.२ | प्रधानमन्त्री रोजगार कार्यक्रम | ७५,८६४ |
| १० | २०७८/७९ | 54 | छात्रवृत्ति | १,२०० |
| ११ | २०७५।७६ | २९ र ३४ | असुली | ३०,३६० |
| जम्मा | | | | ६,८२,०५१ |

# कपुरकोट गाउँपालिका, सल्यान

# ( ८०६६०५०१३०० )

# कपुरकोट गाउँपालिका , सल्यान

## परिचय

१

**(क) कार्यालय परिचय :-** स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्दन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस गाउँपालिकाको उद्देश्य रहेको छ ।यस गाउँपालिकामा ६ वडा, ११९.२१ वर्ग किलोमिटर क्षेत्रफल तथा १८२०४ जनसंख्या रहेको छ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो।यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ।स्थलगत लेखापरीक्षणको अवधि २०८२।०५।११ देखि २०८२।०५।१३ सम्म रहेको छ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ।लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग २०८२।०५।१३ मा छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन।

**(च) आर्थिक कारोबारको स्थिति :-** आय-व्ययतर्फ रु.९१ करोड ५६ लाख ८४ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ।सोको विस्तृत विवरण अनुसूचि १ मा संलग्न छ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :-** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची -२ मा संलग्न छन्।

**(ज) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. ५१४८३.०० असुल भई दाखिला प्रमाण पेश भएको छ।

| भौ.नं र मिति, बैंक र रकम | बिवरण | रकम रु. |
|---|---|---|
| १.८६८६५२७१।०८२।०६।०२ नेपाल बैंक लिमिटेड रु.२३४८८<br>२. ८४६०२१९।०८२।०६।०२ नेपाल बैंक लिमिटेड रु.६२९० | पाठ्यपुस्तकमा वढी भुक्तानी | २९७७८ |
| २.कारोबार संकेत नंः ६९६९२२८४, २०८२।०६।०२, नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लि. | उपभोक्ता समितिलाई बढी भुक्तानी रकम दाखिला | १५४३० |
| ३. सरकारी राजस्व प्रणालीबाट (कारोबार संकेत नं ११२४२६९४७, २०८२।६।२ नेपाल वैंक लिमिटेड) | दोहोरो भत्ता दाखिला | १२७५ |
| ४. (६१०७३२५, ६१०७३२६, ६१०७३२२ २०८२।०५।१५,नेपाल बैंक लि., राजश्व शिर्षक १५१११) | सामाजिक सुरक्षाको बढी भुक्तानी रकम दाखिला | ८००० |
| जम्मा | | ५१४८३ |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

## २ **वित्तिय विवरणको परीक्षण**

२.१

एकीकृत आयव्यय- पालिकाको आर्थिक बर्ष २०८१।८२ को एकीकृत आय व्यय निम्नानुसार रहेको छ ।

| प्राप्ति | | | भुक्तानी | | |
|---|---|---|---|---|---|
| विवरण | रकम | रकम | विवरण | रकम | रकम |
| सुरु मौज्दात | **१६१७१०५५.६४** | **१६१७१०५५.६४** | चालु खर्च | **२३४४६०५५५.१४** | **२३४४६०५५५.१४** |
| १.संचित कोष | ७३४१८२८.१६ | | १. पालिका तर्फ | १०२७६५०६८.७४ | |
| २.धरौटी | ७१३४२१४.०० | | २. संघीय सशर्त | १३०५१४३५२.४० | |
| ३.कार्यसञ्चालन कोष | १४०३०८८.४८ | | ३. प्रदेश सशर्त | ११८११३४.०० | |
| ४. अन्य कोष | २९१९२५.०० | | पुँजीगत खर्च | **१०००३८५३६.००** | **१०००३८५३६.००** |
| यस वर्षको आय | **४५९८१५०६६.६९** | | १. पालिका तर्फ | ६५५३०५६६.०० | |
| १.आन्तरिक आय | १०३७४५१६.५३ | **१०३७४५१६.५३** | २. संघीय सशर्त | १००००००००.०० | |
| २. वित्तीय हस्तान्तरण (संघ) | ३२४५५२४३३.२७ | **३२४५५२४३३.२७** | ३. संघीय विशेष | ६७३९०६०.०० | |
| क) समानीकरण अनुदान | ७६१६०८००.०० | | ४. संघीय समपुरक | ७८३३७३३.०० | |
| ख) राजस्व बाँडफाँट | ७५३३०९६६.२७ | | ५. प्रदेश सशर्त | ९९३५१७७.०० | |
| ग) सशर्त अनुदान | १५७९६९५००.०० | | अन्तर सरकारी अख्तियारी (संघ) | **८९०१०११२.४७** | **८९०१०११२.४७** |
| घ) समपुरक अनुदान | ७८३३७३३.०० | | क) सामाजिक सुरक्षा | ७११४८७९०.४७ | |
| ङ) विशेष अनुदान | ७२५७४३४.०० | | ख स्वास्थ्य सुधार कार्यक्रम | ४९५०००.०० | |
| ३. वित्तीय हस्तान्तरण (प्रदेश) | २११८२२८५.४२ | **२११८२२८५.४२** | ग) एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम | १७२३०१०१.०० | |
| क) समानीकरण अनुदान | ८८२३०००.०० | | घ) रोजगार प्रवर्द्धन कार्यक्रम | १३६२२१.०० | |
| ख) राजस्व बाँडफाँट | १०५२९७४.४२ | | अन्तर सरकारी अख्तियारी (प्रदेश) | **७२९३८५०.००** | **७२९३८५०.००** |
| ग) सशर्त अनुदान | ११३०६३११.०० | | क आन्तरिक मामिला तथा कानुन मन्त्रालय | ३६००००.०० | |
| ४. अन्तर सरकारी अख्तियारी (संघ) | ८९०१०११२.४७ | **८९०१०११२.४७** | ख सामाजिक विकास मन्त्रालय | ६९३३८५०.०० | |
| क) सामाजिक सुरक्षा | ७११४८७९०.४७ | | धरौटी फिर्ता तथा सदर स्याहा | **३५७४४९३.००** | **३५७४४९३.००** |
| ख स्वास्थ्य सुधार कार्यक्रम | ४९५०००.०० | | कार्यसञ्चालन कोषबाट भएको खर्च | **१४१५०२७.००** | **१४१५०२७.००** |
| ग) एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम | १७२३०१०१.०० | | अन्य कोषबाट भएको खर्च | **१९१२९५६.००** | **१९१२९५६.००** |
| घ) रोजगार प्रवर्द्धन कार्यक्रम | १३६२२१.०० | | अनुदान फिर्ता | **१८१६३५२१.६०** | **१८१६३५२१.६०** |
| ५. अन्तर सरकारी | ७२९३८५०.०० | **७२९३८५०.००** | १. संघ तर्फ | १७९७३५२१.६० | |

| | | | | | |
|---|---|---|---|---|---|
| अख्तियारी (प्रदेश) | | | | | |
| क आन्तरिक मामिला तथा कानुन मन्त्रालय | ३६००००.०० | | क) सशर्त अनुदान | १७४५५१४७.६० | |
| ख सामाजिक विकास मन्त्रालय | ६९३३८५०.०० | | ख) विशेष अनुदान | ५१८३७४.०० | |
| ७. धरौटी आय | ४०९०५२६.०० | **४०९०५२६.००** | ग) समपुरक अनुदान | ०.०० | |
| ८. कार्यसञ्चालन कोष आय | ८८९१०३.०० | **८८९१०३.००** | २. प्रदेश तर्फ | १९००००.०० | |
| ९. अन्य कोषको आय | २४२२२४०.०० | **२४२२२४०.००** | क) सशर्त अनुदान | १९००००.०० | |
| | | | अन्तिम मौज्दात | **२०११७०७१.१२** | **२०११७०७१.१२** |
| | | | १. संचित कोष | १०७८८४५०.६४ | |
| | | | २. धरौटी | ७६५०२४७.०० | |
| | | | ३ विविध कोष | ८७७१६४.४८ | |
| | | | ४. प्रकोप व्यवस्थापन कोष | १३१७८४.०० | |
| | | | ५ आकस्मिक कोष | १६०१४१.०० | |
| | | | ६. विविध खर्च खाता | ५०९२८४.०० | |
| जम्मा | **४७५९८६१२२.३३** | **४७५९८६१२२.३३** | जम्मा | **४७५९८६१२२.३३** | **४७५९८६१२२.३३** |

२.२ **वित्तीय प्रतिवेदन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ।पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०-०१) सम्बन्धमा निम्नअनुसार देखिएको छः

**(विस्तृत विवरण बेरूजु दफा २.२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

## ३ वित्तीय विवरणको यथार्थता

वित्तीय विवरणको यथार्थता - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु. ७११४८७९०.४७, स्वास्थ्य सुधार कार्यक्रमको रु ४९५०००.००, एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु. १७२३०१०१.००, रोजगार प्रवर्द्वन कार्यक्रमको रु. १३६२२१.००, आन्तरिक मामिला तथा कानुन मन्त्रालयको रु. ३६००००.००, सामाजिक विकास मन्त्रालयको रु. ६९३३८५०.०० समेत गरी रु. ९६३०३९६२.४७ सुत्रमा लेखाङ्कन छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार एकीकृत वार्षिक प्रतिवेदन( म.ले.प.फा.न. २७०) मा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

## ४ फरक जिम्मेवारी

पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदन अनुसार रु. १ ६१ ५७ ७०७.७३ मौज्दात रहेकोमा यो वर्ष रु. १ ६१ ७१ ०५५.६४ जिम्मेवारी सारेको छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.१३३४७.९१ बढी जिम्मेवारी सारेको सम्वन्धमा एकिन गर्नुपर्दछ ।

५ **बैङ्क हिसाब विवरण**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छ:

| सिनं | खाता | स्रेस्ताअनुसार मौज्दात रु. | बैङ्क स्टेटमेन्टअनुसार वर्षान्तको मौज्दात रु. | फरक रु. |
|---|---|---|---|---|
| १ | ग१.१आन्तरिक राजस्व खाता | ० | ० | ० |
| २ | ग१.२बाँडफाँडबाट प्राप्त राजस्व खाता | ० | ० | ० |
| ३ | ग१.३ आन्तरिक अनुदान खाता | ० | ० | ० |
| ४ | सञ्चित कोष खाता | १०७८८४५०.६४ | १०७८८४५०.६४ | ० |
| ५ | चालु खर्च खाता | ० | ० | ० |
| ६ | पुँजीगत खर्च खाता | ० | ० | ० |
| ७ | विविध खर्च खाता | ५०९२८४ | ५०९२८४ | ० |
| ८ | स्थानीय विभाज्य कोष | ० | ० | ० |
| ९ | प्रकोप व्यवस्थापन | १३१७८४ | १३१७८४ | ० |
| १० | आकस्मिक खाता | १६०१४१ | १६०१४१ | ० |
| ११ | विविध कोष खाता | ८७७१६४.४८ | ८७७१६४.४८ | ० |
| १२ | धरौटी | ७६५०२४७ | ७६५०२४७ | ० |
| | जम्मा | २०११७०७१.१२ | २०११७०७१.१२ | |

६ **मौज्दात**

पालिकाको सुत्रमा बैंक हिसाब विवरण अनुसार स्रेस्ता मौज्दात रु. १९९५६९३०.१२, तथा एकीकृत आयव्ययमा रु. २०११७०७१.१२ देखिएकोले रु. १६०१४१.०० फरक छ । त्यसै गरी यथार्थ बैंक मौज्दात रु. २०११७०७१.१२ देखिएकोले शुत्रको मौज्दात भन्दा रु १६०१४१.०० बैंक मौज्दात बढी देखिन्छ। पालिकाको मौज्दात फरक फरक देखिएकोले बास्तविक मौज्दात सम्बन्धमा एकीन गरी हिसाब मिलान गर्नुपर्दछ।

७ **आन्तरिक नियन्त्रण प्रणाली**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन:

- पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची ११ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन,

- पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन ,
- पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यिवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन,
- भ्रमण खर्च नियमावली २०६४ को नियम २१ बमोजिम भ्रमण अभिलेख खाता र नियम १८ बमोजिम तोकिएको ढाँचामा भ्रमण प्रतिवेदन पेश नगरेको,
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन,
- विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितरणमुखि रहेको ,
- कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरी निराकरणको प्रयास गरेको अभिलेख नराखेको ,
- ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाइएन।
- सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण नगरेको,
- सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनुपर्नेमा अधिकांशतः पालना नभएको ,
- वातावरण संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार नगरेको
- सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तय नगरेको,
- कर्णाली प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा ६ बमोजिम कर्मचारीको कार्यविवरण तयार गरी लागू नगरेको,
- म.ले.प फारमहरुः कार्यालयले परिमार्जित म.ले.प. फारमहरुको आंशिक रुपमा प्रयोग गरेको छ। अतः परिमार्जित म.ले.प. फारमहरुको पूर्ण रुपमा लागू नगरेको,
- वडामा सिफारिस दस्तुर लिँदा सिफारिस दस्तुरको चलानी रजिष्टर समेत भिडाई राजश्व दाखिला रकम एकिन गर्नुपर्नेमा चलानी रजिष्टर पेश नभएको,
- कर्णाली प्रदेश आर्थिक ऐन २०८१ को दफा ११(१) बमोजिम प्रदेश भित्र ढुङ्गा, गिट्टी ,बालुवा,रोडा,स्लेट,चुनढुङ्गा, ग्राभेल,माटो र दहत्तर बहत्तर एवं घाटगद्दी (स्वीकृत खानी क्षेत्र बाहेक) अनुसूची ७ बमोजिम प्रतिघनफिट रु. ५ का दरले शुल्क लगाउने व्यवस्था छ।त्यसै गरी पालिकाको आर्थिक ऐनमा समेत शूल्क लगाउने व्यवस्था गरी असुल गर्नुपर्नेमा उपभोक्ता समितिबाट निर्माण काममा प्रयोग भएको उक्त सामग्रीको मुल्याङकन भएको परिमाण बराबरको रकम असुल नगरेको र व्यक्तिबाट विक्री भएका ढुङ्गा को रोयल्टी असुल गरेको देखिएन।
- पालिकाबाट सञ्चालित आयोजनाको मर्मत सम्भारको लागि मर्मत सम्भार कार्यविधि तर्जुमा गरेको पाइएन ।
- पालिकाकामा कार्यरत जना कर्मचारीको कार्य विवरण वनाई सोको आधारमा कार्यसम्पादन मुल्याङ्कन गर्नुपर्नेमा सो गरेको पाईएन।
- पालिकाले उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गर्ने गरेको पाइएन।
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम २७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई मर्मत सम्भार गर्ने जिम्मा सहित हस्तान्तरण गर्नुपर्नेमा सो गरेको पाईएन ।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाई सेवा प्रवाह सुदृढ बनाउनुपर्दछ।

८ **आन्तरिक लेखापरीक्षण**

स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराउनुपर्ने उल्लेख छ । साथै महालेखानियन्त्रक कार्यालयको आन्तरिक लेखापरीक्षण निर्देशिकामा त्रैमासिक रुपमा आन्तरिक लेखापरीक्षण गराउनुपर्ने समेत उल्लेख छ।पालिकाले आन्तरिक लेखापरीक्षकबाट यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण वर्षमा दुई पटक गराएपनि त्रैमासिक रुपमा गराई प्रतिबेदन गरेको पाइएन। तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण त्रैमासिक रुपमा गराई प्रतिबेदन समेत गर्नुपर्दछ ।

९ **बजेट तथा कार्यक्रम तर्जुमा**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्य बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

१० **बजेट पेश, पारित र अख्तियारी**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखले मिति २०८१।०३।१० मा रु. ३८ करोड ४६ लाख ३१ हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८१।०३।२८ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८१।०४।०१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ ।

११ **सेवा प्रवाह**

पालिकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसारका सेवाहरु पालिकावासीलाई प्रदान गर्दछ। आफ्नो कार्यक्षेत्र भित्रका नागरिकता सिफारिस, घरबाटो सिफारिस, नाता प्रमाणित, जन्म, मृत्यु, विवाह दर्ता, बसाईसराई, विद्युत मिटर सिफारिस, निःशुल्क सिफारिस लगायत अन्य विभिन्न सेवा प्रवाहको विवरण अद्यावधिक गरी अभिलेखिकरण गरिनु पर्दछ। पालिकाबाट आर्थिक वर्ष २०८१।०८२ मा प्रवाहित सेवाहरुको विवरण निम्नानुसार रहेको छः

| विवरण | इकाई | जम्मा |
|---|---|---|
| स्वीकृत घरनक्सा दर्ता पास | संख्या | ० |
| **पञ्जिकरणतर्फ** | | |
| जन्मदर्ता | जना | ५२१ |
| मृत्युदर्ता | जना | १५६ |
| बसाईसराई दर्ता | संख्या | ७० |
| विवाह दर्ता | संख्या | १९० |
| सम्बन्धविच्छेद दर्ता | संख्या | ३४ |
| **पूर्वाधार विकासतर्फ** | | |
| कच्चीसडक | कि.मि. | ६.६४ |
| ग्राभेल सडक | कि.मि. | ० |
| पक्कि सडक | कि.मि. | ० |
| एक घर एक धारा | वटा | १७६ |
| सामुदायिकधारा | वटा | ० |
| खानेपानीपाइपलाइन बिस्तार | कि.मि. | २६.५३ |
| सामुदायिक भवननिर्माण | वटा | ३ |
| पक्कि स्ल्याबनिर्माण | कि.मि. | १.७७ |
| पक्कि सिचाईकुलो निर्माण | कि.मि. | ०.९९ |
| सडकस्तरोन्नती | कि.मि. | ०.४५ |
| फुसको छानाविस्थापित | घरधुरी | ७१ |
| टहरा/ तरकारीसंकलन केन्द्र | वटा | ७ |
| घेरावार | कि.मि. | १.७३ |

पालिकाबाट प्रदान हुने सेवा लिन आएको अवस्थामा बाहेक पनि जनचेतनामा वृद्धि एवं प्रचारप्रसार गरी पंजिकरणतर्फ घटना पश्चात अनिवार्य दर्ता गराउन जागरुक गराउनुपर्ने र पूर्वाधार विकासतर्फ वार्षिक बजेट र आवधिक योजनासँग तादाम्यता मिलाई लक्ष्य बमोजिम प्रगति हासिल गर्नुपर्दछ।

## १२ लक्ष्य प्रगति

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७को नियम ३५ (१) बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने प्रत्येक कार्यालयले अनुसुचि २ बमोजिमको ढाचा त्रैमासिक प्रगति विवरण तयार गर्नुपर्दछ। कार्यालयले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनु पर्दछ । पालिकाले पेश गरेको विवरण अनुसार वार्षिक लक्ष्य प्रगतिको स्थिति देहाय अनुसार रहेको छ।

| कार्यक्रम/योजना | कुल कार्यक्रम | वार्षिक प्रगति स्थिति | | | | |
|---|---|---|---|---|---|---|
| | | शून्य प्रगति | २५%सम्म प्रगति | ५०% सम्म प्रगति | ७५% सम्म प्रगति | ७५% भन्दा बढी प्रगति |
| कार्यक्रम संख्या | ५०१ | ४५ | ८ | २७ | ३२ | ३८९ |

कार्यक्रमतर्फ ५०१ योजना छनोट गरिएकोमा ४५ वटा शून्य, ८ वटा २५ प्रतिशत सम्म, २७ वटा ५० प्रतिशत सम्म, ३२ वटा ७५ प्रतिशत सम्म र ३८९ वटा ७५ प्रतिशत भन्दा बढी प्रगति भएको देखिन्छ। अतः लक्ष्य वमोजिम प्रगति हुनेगरी कार्यक्रम संचालन गर्नुपर्दछ ।

### १३ योजना प्राथमिकीकरण

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ।पालिकाले पेश गरको विवरण अनुसार आर्थिक वर्ष २०८१।८२ मा निम्नअनुसार ६ वडाको लागि वडागत ९७ र पालिकास्तरका २७ गरी कुल १२४ योजनामा वजेट विनियोजन गरेको छ :

| क्र.स | कार्यक्रमको नाम | योजना संख्या | रु.५ लाखभन्दा कम योजना संख्या | रु.५ लाख देखि २० लाख सम्मका योजना संख्या | रु.२० लाख भन्दा माथिका योजना संख्या |
|---|---|---|---|---|---|
| १. | पालिकास्तरीय | २७ | १६ | ७ | ७ |
| २. | वडास्तरीय | ९७ | ७९ | १५ | ० |
| | **जम्मा** | **१२४** | **९५** | **२२** | **७** |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ ।जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तर कमजोर हुन सक्ने अवस्था देखिन्छ। त्यसैगरी यो वर्ष सभाले पारित गरेका पूर्वाधारतर्फका उल्लेखित योजना मध्ये १११ योजनामात्र कार्यान्वयन भई १३ योजना कार्यान्वयन हुन सकेको देखिएन । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

### १४ क्षेत्रगत बजेट र खर्चको स्थिति

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८१।८२ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको छ।

| क्र.स | क्षेत्र | बजेट | खर्च | बजेटको तुलनामा खर्च प्रतिशत | कुल खर्च मध्धे खर्च प्रतिशत |
|---|---|---|---|---|---|
| १ | आर्थिक विकास | १२८२१८०० | ९३७८२८६ | ७३.१४ | २.८० |
| २ | पूर्वाधार विकास | ७०६७७५७८ | ५२०५५३२१ | ७३.६५ | १५.५६ |
| ३ | सामाजिक विकास | २१८३८६६४१ | १९२१५२१७१ | ८७.९९ | ५७.४५ |
| ४ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | ४२८५००० | ३०१४४२८ | ७०.३५ | ०.९० |
| ५ | अन्य कार्यालय सञ्चालन तथा प्रशासनिक | ९०१६९९८१ | ७७८९८८८६ | ८६.४० | २३.२९ |
| जम्मा | | ३९६३४१००० | ३३४४९९०९२ | ८४.४० | १०० |

पालिकाले क्षेत्रगत वार्षिक बजेटको तुल्नामा समाजिक विकासमा सबैभन्दा बढी ८७.९९ प्रतिशत र संस्थागत विकास, सेवा प्रवाह र सुशासनमा कार्यालय सबैभन्दा कम ७०.३५ प्रतिशत खर्च गरेको छ। उल्लिखित ५ क्षेत्रको क्षेत्रगत कुल खर्च प्रतिशतमध्ये संस्थागत विकास, सेवा प्रवाह र सुशासनमा सबैभन्दा कम ०.९० प्रतिशत र सामाजिक विकास क्षेत्रमा सबैभन्दा बढी ५७.४५ प्रतिशत खर्च भएको छ।आर्थिक विकासमा तथा अन्य कार्यालय सञ्चालन तथा प्रशासनिक खर्चमा नियन्त्रण गरी आर्थिक विकास, पूर्वाधार विकास, सुशासन लगायतका क्षेत्रका गतिविधिमा समेत जोड दिनु पर्ने देखिन्छ।

## १५ खर्च बिश्लेषण

पालिकाले यसवर्ष कुल आन्तरिक आयबाट रु.१०३७४५१६.५३, संघीय तथा प्रदेश राजस्व बाँडफाँड र अनुदानबाट रु.३४५७३४७१८.६९ तथा गत वर्षको जिम्मेवारी रु.१६१७१०५५.०० समेत रु. ३६१९०५७७४.३३ आम्दानी भएकोमा चालु तर्फ रु.२३४४६०५५५.१४ र पूँजिगत तर्फ रु. १०००३८५३६.०० समेत रु. ३३४४९९०९१.१४ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ३.१० प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु. ४८३०००० खर्च भएको छ जुन आन्तरिक आयको ४५.५६ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६७.८२ प्रतिशत चालु र २८.९४ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

## १६ त्रैमासिक पूँजीगत खर्च

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ (१) बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| बजेट उपशिर्षक | कुल खर्च | चौमासिक खर्च | | | | आषाढ महिनाको खर्च |
|---|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेश्रो | चौथो | |
| पुंजीगत खर्चतर्फ | १०००३८५३६ | ९३७२७६ | १३०८४१८० | ६६७७७४३ | ७९३३९३३७ | ४६७०३५५४ |
| प्रतिशत | ७८.९१ | ०.९४ | १३.०८ | ६.६८ | ७९.३० | ४६.६९ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु.१०००३८५३६.०० खर्च भएकोमा प्रथम त्रैमासिकमा रु.९३७२७६.०० (०.९४ प्रतिशत), दोस्रो त्रैमासिकमा रु.१३०८४१८०.०० (१३.०८ प्रतिशत), तेस्रो त्रैमासिकमा रु.६६७७७४३.०० (६.६८ प्रतिशत) र चौथो त्रैमासिकमा रु.७९३३९३३७.०० (७९.३० प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु.४६७०३५५४.०० (४६.६९ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

## १७ बजेट सीमा निर्धारण समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकीय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत

शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेपनि समयभित्र उपलब्ध गराएको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

१८ **गतवर्षको भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९ मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेश गरेर बजेट बनाउने व्यवस्था छ। पालिकाले गतवर्षको भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी (म.ले.प.फा.नं. २२१) प्रमाणित तथा यस वर्षको बजेटमा समेत गत वर्षको भुक्तानी दिन बाँकीको रु.६३६०४७८.०० सारेकोमा व्यवस्था गरी चालु शिर्षकमा रु. ७८३०००.०० र पुँजीगत शिर्षकमा रु. ४९३०९०७.०० समेत जम्मा रु. ५७१०९०७.०० भुक्तानी भएको देखियो ।अत सम्बन्धित आर्थिक वर्ष भित्र भुक्तानी दिन मिल्ने गरी योजना छनौट गरी बजेट विनियोजन गर्नुपर्दछ।

१९ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशाकीय अधिकृत सहित १४२ दरवन्दी रहेकोमा १२८ पदपूर्ती भई १४ रिक्त देखिन्छ।दरवन्दी तथा पदपूर्ति सम्वन्धि विवरण देहायअनुसार छः

| सि नं | दरवन्दी विवरण | संघिय मामिलाबाट स्वीकृत | स्वास्थ्य मन्त्रालयबाट स्विकृत | जि वि स | घरेल | पालिकाबाट स्वीकृत | कार्यक्रम | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | दरबन्दी | ३० | २२ | ० | ० | ७५ | १५ | १४२ |
| २ | पदपूर्ति | २७ | २२ | ० | ० | ६४ | १५ | १२८ |
| ३ | रिक्त | ३ | ० | ० | ० | ११ | ० | १४ |
| ४ | कार्यरत (करार समेत) | २७ | २२ | ० | १ | ६४ | १५ | १२९ |
| ५ | दरवन्दी वेगर | ० | ० | ० | १ | ० | ० | १ |
| ६ | स्थायी | २७ | २२ | ० | १ | २ | ० | ५२ |
| ७ | करार | ० | ० | ० | ० | ६२ | १५ | ७७ |
| | जम्मा | २७ | २२ | ० | १ | ६४ | १५ | १२९ |

पालिकाले संङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गरी सभाबाट दरबन्दी स्विकृत गरी प्रदेश निजामती किताबखानामा पदहरु दर्ता गरी रिक्त पदमा प्रदेश लोकसेवा आयोगबाट पदपूर्ती गर्नुपर्नेमा संङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गरी मिति २०७९।०३।२९ सभाबाट भएपनि निजामती किताबखानामा पद दर्ता गरेको देखिएन। संङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गरेपनि पद दर्ता गरी लोकसेवाबाट पदपूर्ति नगरी पालिकाले करारमा कर्मचारी भर्ना गरी खर्च लेखेको देखियो ।पालिकाको कार्यवोझ र आम्दानीका श्रोतका आधारमा दरवन्दी स्वीकृत गरी प्रदेश निजामती किताबखानामा पदहरु दर्ता गराई प्रदेश लोकसेवा मार्फत स्थायी रुपमा पदपूर्ति गर्नुपर्दछ।

२० **कर्मचारी व्यवस्था**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ (८) अनुसार नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर बाहेकका पदमा करारमा कर्मचारी नियुक्त गर्न नपाईने व्यवस्था छ। कर्णाली प्रदेश स्थानीय सेवा (गठन तथा संचालन ) ऐन २०८१ को दफा ९ को उपदफा (१२) बमोजिम सहायकस्तर पाँचौं तहको कम्प्युटर अपरेटर, सहायकस्तर चौथो तहको सहायक कम्प्युटर अपरेटर र तहविहीन पदमा कार्यरत सवारी चालक, कार्यालय सहयोगी, चौकीदार, इलेक्ट्रिसियन, प्लम्बर, माली, सरसफाइ गर्ने कर्मचारी लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न नहुने उल्लेख छ।ऐन संघीय ऐनसँग बाझिने गरी प्रदेश ऐनमा सहायकस्तर पाँचौं तहको कम्प्युटर अपरेटर, सहायकस्तर चौथो तहको सहायक कम्प्युटर अपरेटर करारमा नियुक्ति गर्ने व्यवस्था समेत गरेको देखियो।कानून बाझएमा

संघीय ऐन बमोजिम हुने समेत व्यवस्था छ। पालिकाले स्वीकृत दरबन्दीमा माग आकृति फारम भरी लोकसेवा आयोगबाट कर्मचारी स्थायी पदपूर्ति गर्नुपर्नेमा करारमा नियुक्त गर्न नमिल्ने देहायका पदहरुमा २७ जना कर्मचारी करारमा नियुक्त गरी तलब शिर्षकबाट रु.८३,७३,६४८.०० खर्च लेखेको देखियो।

| **पद** | **नियुक्ति संख्या** | **तलव भत्ता रु.** |
|---|---|---|
| मेडिकल अधिकृत | १ | १२००००० |
| असिष्टेन्ट सव इन्जिनियर | २ | ७८९६४८ |
| कृषिप्राविधिक | २ | ५२८००० |
| पशु प्राविधिक | ४ | १०५६००० |
| अनमि(चौथो) | ९ | २३७६००० |
| अहेव (चौथो) | ६ | १५८४००० |
| ल्याव टेक्निसियन (चौथो) | १ | २६४००० |
| फार्मेसी (पाचौ) | १ | ३१२००० |
| स. क. अपरेटर | १ | २६४००० |
| **जम्मा** | **२७** | **८३७३६४८** |

अतः करारमा नियुक्त गर्न मिल्ने वाहेकका पदमा स्थायी कर्मचारी पदपूर्ति हुनुपर्दछ।

२१ **वार्षिक खरिद योजना/गुरुयोजना**

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । पालिकाले विभिन्न शीर्षक अन्तर्गत यस वर्ष रु.१०००३८५३६.०० पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

२२ **ठेक्का व्यवस्था**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ।पालिकाले वोलपत्र मार्फत प्रतिशपर्धि आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका सडक निर्माणका योजना कार्यान्वियन गर्दै आएको छ । यस्ता योजना लागत अनुमान भन्दा ६.९७ देखि ४५.९२ प्रतिशत सम्म घटीमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वियन गराएको पाइयो । पालिकाको स्वीकृत नर्मशका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो।यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामाग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको भएपनि न्यून लागतमा सोही गुणस्तरको कार्य भएको सम्वन्धमा नर्म्समा नै अधिक मूल्याङ्कन भएको हो वा गुणस्तरमा सम्झौता गरी भुक्तानी फरफारक भएको हो सो सम्वन्धमा पालिकाको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ।साथै निर्धारित गुणस्तरमा कार्य भएको प्रमाणित गरी भुक्तानी गरेका कार्य निर्धारित अवधि सम्म टिकाउ भए नभएको यकिन गर्न प्रणाली सुदृढ गरी न्यून मुल्यमानै गुणस्तरीय कार्य हुने भएमा नर्म्स समेत सम्वन्धित निकायले पुनरावलोकन गर्नुपर्ने देखिन्छ।लागत अनुमानको तुलनामा उल्लेख्य प्रतिशत घटीमा गर्ने गरी कबोल तथा सम्झौता भएका केही योजनाको विवरण देहायमा उल्लेख छ :

| क्र. सं. | योजनाकोविवरण | ठेक्का नं. | बोलपत्रदाता | लागत अनुमान | सम्झौता रकम | घटीप्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | १५ शैया अस्पताल भवन निर्माण | KMUN/WORK/12/2077-078 | Kailali पिएस रोयल जे.भी. | १७४६२२६३१.३७ | ११९६२५५४७ | ३१.५ |
| २ | एकीकृत कपुरकोट खानेपानी योजना | KMUN/NCB/WORKS-04-2081/082 | खैरावाङ्गी इन्जिनियरिङ सर्भिस एण्ड कन्स्ट्रक्सन प्राली | ९६६२०२५.६६ | ७०६६५९१ | २६.८६ |
| ३ | टुनिवोट छायाँनाथ कोइला सडक स्तरोन्ती | KMUN/NCB/WORKS-01-2081/082 | स्वप्निल जिज्ञासु जे.भी. | २८९८०३५०.७ | १५६७३४४२ | ४५.९२ |
| ४ | प्रसुतिगृह भवन निर्माण योजना | KMUN/NCB/WORKS-03-2081/082 | उत्तम निर्माण सेवा | ९०३८६१३.६९ | ६०३४८९० | ३३.२३ |
| ५ | अस्थायी प्रहरी पोस्ट भवन निर्माण योजना | KMUN/NCB/WORKS-02-2081/082 | उत्तम निर्माण सेवा | २२८६१९८.९८ | १६३७१६६ | २८.३९ |
| ६ | दुमईखोला घट्टेटाकुरा लिप्ट खातनेवानी पाईप खरिद | KMUN/NCB/GOODS-01-2081/082 | ओम पञ्चपुरी इन्टरनेश्नल | २२०६९९७.४३ | १८५१२५१ | १६.१२ |
| ७ | वडा न २ र ४ सडक निर्माण योजना | KMUN/SQ/WORKS-02-2081/082 | तुफान कन्स्ट्रक्सन प्रा.लि. | १८५८५३७.१३ | १७२९०७७ | ६.९७ |

२३ **ठेक्का अभिलेख**

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न. ५०६ र ५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले ठेक्काको प्रकार, माध्यम, लागत अनुमान, सम्झौता, भुक्तानी, भेरियशन, मूल्य समायोजन, म्याद थप, कार्य सम्पादन जमानत, पेश्की जमानतको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, अधुरो योजनाको अवस्था, लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस पालिकाले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन।अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

२४ **कानून र सञ्चालन स्थितिः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ। जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १९ ऐन, ३ नियमावली, कार्यविधि, मापडण्ड, नर्मस ५१ गरी कुल ७३ कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ।राजपत्रमा प्रकासित उक्त कानूनहरु पुर्ण रुपमा कार्यान्वयनमा ल्याउनुपर्दछ।

२५ **न्यायिक समिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी १० र यो वर्ष थप भएको १८ गरी कुल २८ विवाद दर्ता भएकोमा २३ मात्र फर्स्यौट भई ५ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

## २६ सहकारी अनुगमन

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र १० वटा सहकारी संस्था रहेका छन् । पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट सहकारीकोअनुगमन निरिक्षण गरेको पाइएन। जसले गर्दा सहकारीको सञ्चालन अवस्थाबारे अध्ययन गर्न सकिएन ।पालिकाले पेश गरेको विवरण अनुसार १० सक्रिय रहेको देखिन्छ।९ ले पासवर्ड लिए पनि COPOMIS बाट मासिक रुपमा विवरण भरेका छैनन्।तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ।समस्याग्रस्त सहकारीको अनुगमन गरी हिनामिना भएको देखिए कारवाही प्रक्रिया अघि बढाउनु पर्छ।

## २७ आय अनुमान

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु. १८३७७२१९ प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८१।८२ मा रु. १०३७४५१६.५३ अर्थात अनुमान भन्दा ५६.५६ प्रतिशत आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्ने तर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ।

## २८ कर तथा शुल्क असुली

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल बिरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । यस बर्ष रु. १०३७४५१६.५३ राजश्व आम्दानी भएकोमा राख्न पर्ने मलेप फारम नराखेको, प्राप्त राजश्व परीक्षण भिडान गर्ने आन्तरिक नियन्त्रण पद्धति नभएकोले प्राप्त हुनुपर्ने राजश्न सम्बन्धमा एकिन हुनुपर्दछ।शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छः

| क्र.सं. | प्राप्तिको श्रोत | विधि | वार्षिकअनुमानित आय | आम्दानी |
|---|---|---|---|---|
| १ | ११३१३ -सम्पती कर | नगद | २,००,०००.०० | ३१२७७२.१३ |
| २ | ११३१४ -भुमिकर/ मालपोत | नगद | ५,००,०००.०० | १०२३५१७.३० |
| ३ | ११३१७ -वहाल कर | नगद | ५,००,०००.०० | ९९८१५५.१० |
| ४ | ११३१८ -वहाल विटौरी कर | नगद | ७५,०००.०० | ० |
| ५ | ११४५१ -सवारी साधन कर (साना सवारी) | नगद | १०,०००.०० | ३००० |
| ६ | ११४५२ -पुर्वाधार सेवाको उपयोगमा लाग्ने कर | नगद | ४९,२१९.०० | ० |
| ७ | ११४७९ -अन्य मनोरञ्जन कर | नगद | ३०,०००.०० | ० |
| ८ | ११६११ -व्यवसायले भुक्तानी गर्ने | नगद | ६,००,०००.०० | ० |
| ९ | ११६२१ -व्यवसाय बाहेक अन्यले भुक्तानी गर्ने | नगद | १,५०,०००.०० | ० |
| १० | ११६३१ -कृषितथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर | नगद | १,५०,०००.०० | ० |
| ११ | ११६३२ -अखेटोपहारमा लाग्ने कर | नगद | २०,०००.०० | ० |
| १२ | ११६९१ -अन्य कर | नगद | १,१५,२८,०००.०० | ० |
| १३ | १४११४ -सेवामुलक निकायबाट प्राप्त ब्याज | नगद | ७,५०,०००.०० | ३०८७०४४ |
| १४ | १४१५१ -सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय | नगद | ७,५०,०००.०० | ० |
| १५ | १४२११ -कृषि उत्पादनको बिक्रीबाट प्राप्त रकम | नगद | २,००,०००.०० | ० |
| १६ | १४२१२ -सरकारी सम्पतीको बिक्रीबाट प्राप्त रकम | नगद | २०,०००.०० | ० |
| १७ | १४२१३ -अन्य बिक्रीबाट प्राप्त रकम | नगद | १०,०००.०० | ० |
| १८ | १४२१८ -विद्युत सेवा शुल्क | नगद | ०.०० | १५९८२५ |
| १९ | १४२१९ -अन्य सेवा शुल्क तथा बिक्री | नगद | ५०,०००.०० | २३०० |
| २० | १४२२१ -न्यायिक दस्तूर | नगद | ०.०० | ७००० |
| २१ | १४२२४ -परीक्षा शुल्क | नगद | ४०,०००.०० | ४२३३९२.५१ |
| २२ | १४२२९ -अन्य प्रशासनिक सेवा शुल्क | नगद | २०,०००.०० | ६८४६.४ |
| २३ | १४२४२ -नक्सापास दस्तुर | नगद | २,००,०००.०० | १९३७३४८ |
| २४ | १४२४३ -सिफारिश दस्तुर | नगद | ३,००,०००.०० | ३६७८०१ |
| २५ | १४२४४ -व्यक्तिगत घटना दर्ता दस्तुर | नगद | २,००,०००.०० | ९०२०० |
| २६ | १४२४५ -नाता प्रमाणित दस्तुर | नगद | १,५०,०००.०० | ७०६२० |
| २७ | १४२४९ -अन्य दस्तुर | नगद | २५,०००.०० | ४५४८२१ |
| २८ | १४२५३ -व्यावसाय रजिष्ट्रेशन दस्तुर | नगद | २,००,०००.०० | २४०० |
| २९ | १४२६२ -विद्युत सम्बन्धी दस्तुर | नगद | ०.०० | ११३०० |
| ३० | १४२६३ -जलस्रोत सम्बन्धी अन्य दस्तुर | नगद | १०,०००.०० | २००० |
| ३१ | १४३११ -न्यायिक दण्ड, जरिवाना र जफत | नगद | ५०,०००.०० | २००० |
| ३२ | १४३१२ -प्रशासनिक दण्ड, जरिवाना र जफत | नगद | ०.०० | ० |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| ३३ | १४३१३ -धरौटी सदरस्याहा | नगद | ५०,०००.०० | ० |
| ३४ | १४५११ -बीमा दावी प्राप्ति | नगद | १,००,०००.०० | १४२९५० |
| ३५ | १४५२९ -अन्य राजस्व | नगद | ४०,०००.०० | २२४३७५ |
| ३६ | १४६११ -व्यवसाय कर | नगद | ३,००,०००.०० | ० |
| ३७ | १५१११ -बेरूजू | नगद | ११,००,०००.०० | १०४४८४९ |
| जम्मा | | | १,८३,७७,२१९.०० | १०३७४५१६.५३ |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

२९ **नवीकरण शुल्क**

पालिकाको घ वर्गको निर्माण इजाजत पत्र प्रदान सम्बन्धी कार्यविधि, २०७५ को दफा ३ मा प्रत्येक आर्थिक वर्षको इजाजत पत्र अवधि मान्य रहने र अवधि समाप्त भएको तीन महिना भित्र संघ प्रदेश र स्थानीय तहलाई तिर्नु पर्ने कर तिरी सकेको कर चुक्ता प्रमाण पत्र तथा फर्म वा कम्पनीको दर्ता नवीकरण सहित अनुसूची-२ अनुसारको दस्तुर तिरी नवीकरण गरी पास बुक विवरण अद्यावधिक गर्नु पर्ने व्यवस्था छ । पालिकामा इजाजत पत्र लिएका तोकिएको भन्दा ढिला गरी नवीकरण गर्ने निर्माण व्यवसायीलाई थप नवीकरण दस्तुर लिएको पाइएन । कार्यविधि अनुसार तोकिएको अवधि भित्र नवीकरण नगरीएका निर्मfण इजाजत पत्रको विवरण अद्यावधिक राखी उक्त समय पछी नविकरण गर्दा थप नवीकरण दस्तुर लिएर मात्र नविकरण गर्ने व्यवस्था गर्नु पर्दछ ।

३० **आन्तरिक आय**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८१।८२ मा केन्द्रीय अनुदानबाट गरेको प्राप्तिको तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट प्राप्ति (संघ र प्रदेशबाट प्राप्त) | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ३४५७३४७१८.६९ | १०३७४५१६.५३ | ३.० |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ३.० प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नुपर्दछ।

३१ **व्यवसाय कर**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु. ३००००० असूल गर्ने प्रक्षेपण गरेकोमा असूली भएको छैन। पालिका भित्र रहेका व्यवसाय र व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन। तसर्थ पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अभिलेख अद्यावधिक राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

३२ **सहमतिपत्रको कार्यान्वयन**

यस पालिका र कपुरकोट कोइला सडकखण्डमा सिमेन्ट उद्योगसँग सम्बन्धित टिप्पर चल्ने रोल्पा सिमेन्ट उद्योग, रोल्पा र घोराही सिमेन्ट इण्डस्ट्रिज प्रा.लि. दाङ्ग बिच २०७९ साल श्रावण २४ गते भएको समझदारी पत्रको बुँदा नं. ५ मा सडकबाट प्रभावित क्षेत्रका नागरिकहरुलाई केहीहदसम्म राहत दिन सामाजिक उत्तरदायित्वको बोध गरी उद्योगीहरुबाट जनही वार्षिक रु. १० लाख र गाउँपालिकाबाट वार्षिक रु. ५ लाख रुपैंया दायित्व वहन हुने गरी साझेदारीमा वार्षिक रु. २५ लाख रुपैयाँको खर्च व्यवस्थापन गर्न

पहिलो वर्षको हकमा आषाढ मसान्तभित्र एउटा कोष स्थापना गरी सक्नु पर्ने र सो कोष सञ्चालनका लागी उद्योगीहरु र पालिकाको प्रतिनिधीको सहभागीतामा कोष सञ्चालक समिति गठन गरी प्रभावित क्षेत्रका असहाय र विपन्न नागरिकको स्वास्थ्य उपचारमा सहयोग गर्ने, सडक आसपासमा चर्किएका घर र सार्वजनिक सम्पत्तीको मर्मत सम्भार गर्ने, सामुदायिक विद्यालयहरुमा अध्ययनरत गरिब विद्यार्थीहरुलाई आवश्यक सहयोग गर्ने र अन्य सामाजिक कार्य गर्ने भन्ने सहमती भएको छ । सहमतीपत्र बमोजिम हालसम्म घोराही सिमेन्ट दाङ्गले दुई वर्षको २० लाख र रोल्पा सिमेन्ट उद्योग रोल्पाले दुई वर्षको रु. २० लाख गरी रु. ४० लाख रकम पालिकाको खातामा जम्मा गरी पालिकाको तर्फबाट रु. १० लाख थप गरी रु. ५० लाखको कोष सञ्चालन हुनुपर्नेमा सिमेन्ट उद्योगहरुले पहिलो वर्ष कुनै रकम उपलब्ध नगराएका कारण कोष खडा हुन सकेको छैन।गत वर्ष घोराही सिमेन्ट दाङ्गले २०८० असोज ९ गते रु. ५ लाख पालिकाको आन्तरिक राजस्व खातामा जम्मा गरेको देखिन्छ।यस वर्ष घोराही सिमेन्टले रु. ५ लाख र रोल्पा सिमेन्टले रु. १ लाख समेत हाल सम्म जम्मा ११ लाख जम्मा भएकोमा ३९ लाख दाखिला गर्न बाँकी देखिन्छ।सहमति भए बमोजिम ५० लाख को कोष खडा गर्नुपर्दछ।

३३ **पेश्की बाँकी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फस्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । पालिकाले उपभोक्ता समितिको गत विगत वर्षमा दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फर्स्यौट नभई रु. २,००,००,०००.०० बाँकी रहेकोले एकिकृत हिसाव तयार गरी फछ्यौट गर्नुपर्दछ

**(विस्तृत विवरण बेरूजु दफा ३३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

३४ **पेश्की रकमको विवरण**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५२ (क ५) बमोजिम निर्माण व्यवसायीलाई उपलब्ध गराएको पेश्की कुन प्रयोजनमा खर्च भएको हो सोको विवरण अद्यावधिक गर्नु पर्ने र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३(२) बमोजिम निर्माण व्यवसायीले पेश्की जम्मा गरेको बैंक खाता र खर्चको प्रयोजन खुल्ने मासिक विवरण सार्वजनिक निकायमा नियमित रुपमा उपलब्ध गराउनु पर्ने व्यवस्था रहेको छ । पालिकाबाट भएका निर्माण सम्बन्धी खरिद सम्झौतामा सबैजसो निर्माण व्यवसायीलाई सम्झौता बमोजिम पेश्की उपलब्ध गराउने गरेकोमा निर्माण व्यवसायीहरुले नियमितरुपमा पेश्की जम्मा गरेको बैंक खाता र खर्चको प्रयोजन खुल्ने मासिक विवरण पेश गर्ने गरेको देखिएन। पेश्की रकम सम्बन्धित निर्माण कार्य वाहेक अन्य कार्यमा रकम खर्च गरी निर्माण कार्यमा ढिलाइ गर्न सक्ने भएकाले सरकारी रकमको उचित सदुपयोग भए नभएको यकिन गर्न कानूनले तोके बमोजिम नियमितरुपमा पेश्की जम्मा गरेको बैंक खाता र खर्चको प्रयोजन खुल्ने मासिक विवरण पेश गर्न लगाउनु पर्दछ ।

३५ **सूचनाको हकको कार्यान्वयन**

नेपालको संविधान २०७२ को धारा २७ मा सूचनाको हकको व्यवस्था छ।राष्ट्रिय सूचना आयोगको पत्र संख्या २०८१।८२, च नं ४४२ मिति २०८२ असार ९ को निर्णय नं ४ मा महालेखा परीक्षकको कार्यालयले अन्तिम लेखापरीक्षण गर्दा सूचनाको हकसम्वन्धि ऐन २०६४ र नियमावली २०६५ वमोजिम नागरिकको सूचनाको हकको सम्वर्द्धन संरक्षण र प्रचलन गर्ने सन्दर्भमा सूचना अधिकारी तोके नतोकेको, सूचना वर्गिकरण र अद्यावधिक गरे नगरेको, त्रैमासिक रुपमा विवरण प्रकाशन गरे नगरेको, वेबसाईट नियमित अद्यावधिक गरे नगरेको र माग गरिएको सूचना र उपलव्ध गराएको सूचनाको विवरणको छुटै अभिलेख राखे नराखेको परीक्षण गर्न अनुरोध भएको छ। लेखापरीणको क्रममा छलफल गर्दा सूचना वर्गिकरण र अद्यावधिक नगरेको, त्रैमासिक रुपमा सूचना प्रकाशन नगरेको र माग गरिएको सूचना र उपलव्ध गराएको सूचनाको छुट्टै अभिलेख राखको नपाईएकोले कानून वमोजिम गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ।

३६ **रकमान्तर**

स्थानीय सरकार सञ्चानल ऐन, २०७४ को दफा ७३ मा खर्च गर्ने अख्तियारी र कार्यविधि सम्बन्धमा उल्लेख छ । साथै सोही नियमको उपनियम ७ बमोजिम कार्यपालिकाले सभाबाट स्वीकृत सीमा र शीर्षक बाहिर गई खर्च गर्न नपाउने उल्लेख छ । त्यस्तै आर्थिक कार्यविधि

तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३३ अनुसार विशेष कारण तथा परिस्थिति बाहेक कुनै बाध्यात्मक अवस्थामा रकमान्तर गर्नुपर्ने व्यवस्था रहेको छ । यस पालिकाले ऐन तथा नियमावलीको व्यवस्था अनुसार रकमान्तर गर्नुपर्ने कारण तथा अवस्था उल्लेख नगरी ५९ योजनामा घटाइ १०१ योजनामा बढाई रु. ३४९५५०००.०० रकमान्तर गरी हिउँदे सभाबाट स्वीकृत गराएको छ। रकमान्तर रकम पूँजीगत खर्चको रु. १०००३८५३६ यसरी कारण बेगर रकमान्तर गर्ने तथा आर्थिक वर्षको विचमा रकमान्तर गरी आर्थिक वर्षको अन्तमा खर्च गर्दा नागरिक अपेक्षा अनुसार काम नहुने र आर्थिक अनुशासनहिनता बढ्ने अवस्था देखियो।वर्षको बीचमा रकमान्तर गरी योजना संसोधन हुँदा आर्थिक अनुशासनमा कमी हुने हुँदा रकमान्तर गर्ने कार्य नियन्त्रण गरी कार्यान्वियन हुने योजना शुरुमा सभाबाट नै छनौट गर्नुपर्दछ।रकमान्तर सम्वन्धी विवरण देहायमा समावेश छ।

घटाउने

| **क्र.सं.** | **बजेट उपशीर्षक** | **कार्यक्रम/आयोजना/क्रियाकलापकोनाम** | **बजेटको स्रोत/तह** | **रकम** |
|---|---|---|---|---|
| १ | ८०६६०५०११०१ | पाखापानी खानेपानीईन्टेक निर्माण तथा पाईप खरिद योजना | नेपाल सरकार | ३,२५,०००.०० |
| २ | ८०६६०५०११०१ | प्राविधिक जेसिवि चालकर सहचालकको फिल्डमा काम गरे वाफत फिल्ड भत्ता | आन्तरिक श्रोत | ७,००,०००.०० |
| ३ | ८०६६०५०११०१ | जलवाङ्ग खानेपानी तथासिचाई योजना | नेपाल सरकार | ६,००,०००.०० |
| ४ | ८०६६०५०११०१ | सिचाइ योजना निर्माणवडा नं २ | नेपाल सरकार | ३,००,०००.०० |
| ५ | ८०६६०५०११०१ | कपुरकोट बजारसार्वजनीक शैचालय | नेपाल सरकार | ६,५०,०००.०० |
| ६ | ८०६६०५०११०१ | दुमैखोला गट्टेटाकुरालिफ्ट खानेपानी योजना साझेदारी | नेपाल सरकार | ५,००,०००.०० |
| ७ | ८०६६०५०११०१ | खरको छानो मुक्तकार्यक्रम | आन्तरिक श्रोत | १०,००,०००.०० |
| ८ | ८०६६०५०११०१ | विभिन्न साक्षेदारीकोष | नेपाल सरकार | ४,५०,०००.०० |
| ९ | ८०६६०५०११०१ | वडा नं ६ खानेपानीमर्मत तथा ट्याङ्की निर्माण | नेपाल सरकार | ३,५०,०००.०० |
| १० | ८०६६०५०११०१ | वडा न ५ खानेपानीट्यांकी तथा मर्मत योजना | नेपाल सरकार | ४,४०,०००.०० |

बढाउने

| क्र.सं. | बजेट उपशीर्षक | कार्यक्रम/आयोजना/क्रियाकलापकोनाम | बजेटको स्रोत/तह | रकम |
|---|---|---|---|---|
| १ | ८०६६०५०११०१ | पूंजिगत अनुसन्धान तथापरामर्श सडक गुरुयोजना निर्माण | नेपाल सरकार | १०,००,०००.०० |
| २ | ८०६६०५०११०१ | कपुरकोट बजारसार्वजनिक शौचालय | आन्तरिक श्रोत | ६,५०,०००.०० |
| ३ | ८०६६०५०११०१ | नारी विकास सहकारीकोभवन निर्माण | आन्तरिक श्रोत | ४,००,०००.०० |
| ४ | ८०६६०५०११०१ | मेशिनरी तथा औजार | राजस्व बाँडफाँड -संघीय सरकार | ५,००,०००.०० |
| ५ | ८०६६०५०११०१ | कपुरकोट बहुमुखीक्याम्पस भवन निर्माण | आन्तरिक श्रोत | २०,००,०००.०० |
| ६ | ८०६६०५०११०१ | भ्रमण खर्च | राजस्व बाँडफाँड -संघीय सरकार | ५,००,०००.०० |
| ७ | ८०६६०५०११०१ | खरको छानो मुक्तकार्यक्रम | नेपाल सरकार | २०,००,०००.०० |
| ८ | ८०६६०५०११०१ | प्राविधिक जेसिवि चालकर सहचालकको फिल्डमा काम गरे वाफत फिल्ड भत्ता | राजस्व बाँडफाँड -संघीय सरकार | ७,००,०००.०० |
| ९ | ८०६६०५०११०१ | प्राविधिक जेसिवि चालकर सहचालकको फिल्डमा काम गरे वाफत फिल्ड भत्ता | राजस्व बाँडफाँड -संघीय सरकार | ७,००,०००.०० |
| १० | ८०६६०५०११०१ | फर्निचर तथा फिक्चर्स | राजस्व बाँडफाँड -संघीय सरकार | १०,००,०००.०० |

## ३७ तलवी प्रतिवेदन

निजामती सेवा ऐन २०४९ को दफा ७ ख (२) , स्वास्थ्य सेवा ऐन २०५३ को दफा ८क (५) तथा कर्णाली प्रदेश स्थानीय-सेवा-(गठन-तथा-सञ्चालन)-ऐन,२०८१ को दफा ४३(२) मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ|पालिकाले यस वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्यतर्फ रु.१९३४५६३२.०० र पालिकातर्फ रु.१९१००३४८.०० समेत रु.३८४४५९८०.०० खर्च तलब लेखेको छ।तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्दा पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ।

## ३८ कर्मचारी कल्याण कोष

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ। पालिकाले यो वर्ष कर्मचारी कल्याण कोषमा कुनै रकम जम्मा गरेको देखिँदैन । ऐनमा भएको व्यवस्थाको पालना गर्नुपर्दछ।

## ३९ आर्थिक सहायता

सरकारको बार्षिक कार्यक्रममा परेका बाहेक कुनै पनि सरकारी तथा गैरसरकारी संस्थालाई आर्थिक सहायता र अनुदान नदिने, तोकिएको मापदण्ड भित्र रहेर मात्र क्षतिपूर्ति, आर्थिक सहायता तथा औषधी उपचार खर्च वापत आर्थिक प्रदान गर्ने, यस्तो सहायता पाउने व्यक्ति तथा संस्थाको अभिलेख राखी एउटै व्यक्ति वा संस्थालाई दोहोरो सहायता उपलब्ध गराउन नहुने व्यवस्था सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारीता कायम गर्ने सम्वन्धी नीतिगत मार्गदर्शन, २०७५ मा उल्लेख छ।साथै उपरोक्त व्यवस्था प्रदेश सरकार तथा स्थानीय तहका सवै कार्यालयहरु, सवै पदाधिकारी एवं कर्मचारीहरुले पालना गर्नुपर्ने उक्त मार्गदर्शनमा उल्लेख छ।पालिकाको चालु खर्चतर्फ नमुना छनौटको आधारमा परीक्षण गर्दा देहायवमोजिम भौचरवाट १३ व्यक्ति एवं संस्थालाई रु ३०००००.०० आर्थिक

सहायता वितरण गरेको देखियो।आर्थिक सहायता पाउने व्यक्ति तथा संस्थाको लगत राखेको देखिएन।उक्त रकम पालिकाको कुल आन्तरिक आय रु.१०३७४५१६.५३ को २.८९ प्रतिशत हुन आउँछ। आर्थिक सहायता वितरण गर्दा आन्तरिक आय समेतलाई ध्यान दिनुपर्दछ।

| गो भौ नं।मिति | विवरण | सहयोग पाउने | रकम |
|---|---|---|---|
| ६७।२०८१।७।४ | मौला पुजा | प्रहरी चौकी कपुरकोट | १२००० |
| २२९।२०८१।११।१ | विपद व्यवस्थापन | प्रेम बहादुर खत्री र विवेक पुन मगर | २५००० |
| ३५६।२०८२।१।२ | विपद व्यवस्थापन | कृष्ण प्रसाद डाँगी | १०००० |
| ३७९।२०८२।१।७ | विपद व्यवस्थापन | नेपाल राष्ट्रिय माद्यामिक विद्यालय | ५०००० |
| ३८५।२०८२।१।१० | विपद व्ययवस्थापन | दान वहादुर कामी | १०००० |
| ३९०।२०८२।१।११ | विपद व्यवस्थापन | डिल्ली वहादुर थापा, तिलक देवकोटा र नेत्र वोहरा | ४०००० |
| ४०५।२०८२।१।२१ | विपद व्यवस्थापन | प्रकाश के सी | ३०००० |
| ४०८।२०८२।१।२४ | विपद व्यवस्थापन | महाविर रोका | १०००० |
| ४८०।२०८२।२।१४ | विपद व्यवस्थापन | गणेश वहादुर वली समेत | ३३००० |
| ४८३।२०८२।२।१९ | विपद व्यवस्थापन | प्रकाश थापा वडा | १०००० |
| ५६०।२०८२।३।४ | विपद व्ययवस्थापन | हर्ष बहादुर वुढाथोकी | १०००० |
| ५९१।२०८२।३।९ | विपद व्ययवस्थापन | पातली राना | १०००० |
| ७३६।२०८२।३।२३ | असहाय अनाथ विर्धार्थी सहयोग | खिमा पुन र सुमन साहु | ५०००० |
| जम्मा | | | ३०००००० |

४० **विविध खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ। पालिकाले यो वर्ष विविध खर्च शिर्षकमा रु. १४०५७०५.०० खर्च गरेको छ। विविध खर्च तर्फ खाना/खाजा र अतिथि सत्कारमा रु.६७७४००.०० खर्च गरेको छ। विविध खर्चमा बन्दोबस्ती मालसमान रु.१७८७०३.००,लैङ्गीक समनाता समाजिक समावेशीकरण लेखापरीक्षमा रु.१२१९६०.००, ४ नं.वडा कार्यालय उदघाटान व्यवस्थापन कार्यक्रममा रु.१६५८७०.००, मिनील्याब व्यवस्थापन संचालनमा रु.४७०००.००, स्तनपान कक्ष निर्माण, फोहोर व्यवस्थापन र स्ट्याड गोस्ठी संचालनमा रु.१४९०३७.०० र मर्मत संभारमा रु.६५७३५.०० खर्च भएको छ।उक्त रकम आन्तरिक आय रु.१०३७४५१६.५३ को तुलनामा खाना/खाजा र अतिथिसत्कारमा ६.५३ प्रतिशत रहेको छ। खाना खाजा तथा अतिथीसत्कार खर्चमा औचित्य पुष्टि हुने निर्णय, माइन्यूट, समय तथा उपस्थिति संख्या लगायतको प्रमाण संलग्न गरी खर्च लेख्नुपर्ने र कार्यविधि एवं मापदण्ड बनाई खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ।

४१ **वितरणमुखी कार्य**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा गाउँपालिकाले आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने, स्थानीय बासिन्दाहरुको सहभागिता जुट्ने, स्थानीय स्रोत साधन र सीपको अधिकतम प्रयोग हुने, दीगो विकास, वातावरणीय संरक्षण तथा सम्वर्द्धनमा सहयोग पुग्ने विषयहरुलाई प्राथमिकता दिई योजना तर्जुमा र कार्यान्वयन गर्नुपर्ने उल्लेख छ।पालिकाले वार्षिक बजेटबाट तीज, उत्थान र पोशाक खरिद जस्ता वितरणमुखी कार्यमा बजेट विनियोजन गरी खर्च गरेको छ। यस किसिमका खर्चबाट आर्थिक विकास एंव पुँजी निर्माणमा

टेवा पुग्ने देखिदैन।पालिकाले यस्तो खर्च नियन्त्रण गरी सार्वजनिक स्रोत साधनको उपयोग गर्दा गुणात्मक प्रतिफल आउने एवं पुँजी निर्माण हुने क्रियाकलापहरुमा खर्च गर्नु पर्दछ।यस्ता खर्चको केही विवरण निम्नानुसार छनः-

| भौ न | कार्यक्रम | रकम |
|---|---|---|
| १७।२०८१।६।१० | नारी तथा तिज विशेष कार्यक्रम | ४९९९५ |
| ५६।२०८१।६।२१ | आमा दिदी वहिनी उत्थान कार्यक्रम | १२३३५५ |
| ५७।२०८१।६।२१ | तिज विशेष कार्यक्रम | ६३८८८ |
| ७१९।२०८२।३।२२ | मगर पोशाक खरिद | ६०००० |
| जम्मा | | २९७२३८ |

## ४२ फोहरमैला व्यवस्थापन

फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्नुपर्दछ । फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

## ४३ मर्मत खर्च

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९६(१) मा मालसामान मर्मत गर्नुपर्ने भएमा सोको लागत अनुमान स्वीकृत गराउनु पर्ने र नियम ९६ (३) मा पाँच हजार माथिका पार्टपूर्जा फेर्नुपर्ने भएमा सोको जिन्सी दाखिला गर्नुपर्ने व्यवस्था छ। पालिकाले यो वर्ष सवारी साधन मर्मतमा रु. ११८४२००.०० खर्च गरेकोमा मर्मत कार्यको लागत अनुमान तयार गरी स्वीकृत नगरेकोमा फेरिएको पार्टपुर्जाको जिन्सी दाखिला गरेको छैन। नियमावलीको व्यवस्था अनुसार लागत अनुमान तयार नभएको तथा फेरिएका पार्टपुर्जाको जिन्सी दाखिलासमेत नगरेकोले खर्चको वास्तविकता यकिन गर्न सकिएन।

## ४४ लिलाम नभएको

आर्थिक कार्यविधि तथा वितीय उत्तरदायित्व नियामावली २०७७ को नियम १०६ (१) मा नियम ९९ बमोजिम सम्पत्ति तथा जिन्सी निरीक्षण गर्दा टुटफुट तथा बेकम्मा भई पुनः प्रयोग गर्न नसकिने, मर्मत गरी पुनः प्रयोग गर्न सकिने भए तापनि सामानको पार्टपुर्जा नपाइने र मर्मत गर्दा उक्त सामानको बजार मूल्यको पच्चीस प्रतिशतभन्दा बढी खर्च हुने वा प्रविधि पुरानो भएको कारण प्रयोग गर्दा कार्यकुशलता घट्ने भनी सम्पत्ति तथा जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएको सम्पत्ति तथा जिन्सी मालसामानमध्ये कार्यालय प्रमुखले लिलाम गर्नु पर्ने भनी ठहराएको मालसामान त्यस्तो प्रतिवेदन प्राप्त भएको मितिले एक महिनाभित्र लिलाम बिक्रीको प्रक्रिया सुरु गर्नुपर्ने उल्लेख छ । जिन्सी निरीक्षण समितिले २०८२-०५-०६ मा निवेदन तयार गरी २०८२-०५-०८ पालिकामा दर्ता भएको जिन्सी निरीक्षण प्रतिवेदनमा १९ प्रकारका खप्ने मालसमानहरु लिलाम गर्नुपर्ने उल्लेख गरेको सोको लिलाम सम्बन्धी कारवाही अघि बढाएको देखिएन। लिलाम गर्नुपर्ने उल्लेख भएका जिन्सी मालसमान देहाय अनुसार छनः-

| क्र स | सामानको नाम | एकाई | परिमाण |
|---|---|---|---|
| १ | मोटरसाईकल | गोटा | ७ |
| २ | डेष्टप कम्प्युटर | गोटा | २ |
| ३ | सि सि टि भी क्यामरा | गोटा | ४ |
| ४ | व्याट्री | गोटा | २९ |
| ५ | सिलिगं फेन | गोटा | २ |
| ६ | भ्याकुम किलिनर | गोटा | १ |
| ७ | टेलिफोन | गोटा | २ |
| ८ | सोफा सेट | गोटा | ३ |
| ९ | मुभिंग चियर | गोटा | २१ |
| १० | स्टुल | गोटा | २ |
| ११ | आइरन | गोटा | १ |
| १२ | उजुरी पेटिका | गोटा | १ |
| १३ | वेन्च | गोटा | २ |
| १४ | वाकस | गोटा | ३ |
| १५ | ह्वाइट वोर्ड | गोटा | २ |
| १६ | नेटवर्किङ्ग तार | गोटा | २ |
| १७ | पलगं | गोटा | १ |
| १८ | ल्यापटप | गोटा | २ |
| १९ | साईन वोर्ड | गोटा | ५ |

कामनलाग्ने जिन्सी मालसमान लिलाम गरी लगत कट्टा नगर्दा जिन्सी खाता अव्यवस्थित हुने कार्यालय भवनको अनावश्यक स्थान लिन कुहिई मर्की जाँदा लिलामवाट प्राप्त हुने राज्श्व समेत गुम्ने हुँदा समयमै लिलामको कार्वाही टुङ्गो लगाउनुपर्दछ।

४५ **अनुदानको अनुगमन**

सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ। पालिकाले देहायका १० वटा कार्यक्रमा रु.३१००००.०० यस वर्ष वितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलब्धी मापन गरेको छैन। गत विगत वर्षमा दिएको अनुदानको अभिलेख र उपलब्धिको समेत मापन गरेको देखिएन। अनुदान मागदाबीको सुचना प्रभाग नभएको, छनौटको आधार तय नभएको र वडाको सिफारिस बमोजिम वितरण गरेको देखिन्छ। साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय नगरी अनुदान उपलब्ध गराएको छ। तसर्थ अनुगमनलाई प्रभावकारी बनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने सुनिश्चित गर्नुपर्दछ। अनुदान दिएको रकमको अभिलेख राख्नुपर्ने, छनौटको आधार तय गरी पारदर्शी रुपमा वितरण गरी सदुपयोगको सुनिश्चतता प्रतिवेदन समेत तयार गर्नुपर्दछ।

| क्र स | अनुदान दिएको व्यक्ति/ समुह/संस्थाको नाम, ठेगाना | अनुदानको विषय | समझौता रकम रु. | अनुदान भुक्तानी | | | अनुदानको उपयोगको अवस्था |
|---|---|---|---|---|---|---|---|
| | | | | गतवर्ष सम्म भुक्तानी रु. | यस वर्षको भुक्तानी रु. | जम्मा भुक्तानी रु. | |
| १ | मिन बहादुर खड्का | ५०% अनुदानमा मिनिटिलर वितरण कार्यक्रम | ६२००० | ० | ३१००० | ३१००० | कृषि क्षेत्र |
| २ | हिरालाल बुढाथोकी | | ६२००० | ० | ३१००० | ३१००० | कृषि क्षेत्र |
| ३ | सिता के.सी. | | ६२००० | ० | ३१००० | ३१००० | कृषि क्षेत्र |
| ४ | अक्कासी देउराली चौर कृषक समुह | | ६२००० | ० | ३१००० | ३१००० | कृषि क्षेत्र |
| ५ | कनकनथान कृषक समुह | | ६२००० | ० | ३१००० | ३१००० | कृषि क्षेत्र |
| ६ | विक्रम डि.सि. | | ६२००० | ० | ३१००० | ३१००० | कृषि क्षेत्र |
| ७ | पदम बहादुर बुढाथोकी | | ६२००० | ० | ३१००० | ३१००० | कृषि क्षेत्र |
| ८ | सिर्जनशिल तरकारी उत्पादक कृषक समुह | | ६२००० | ० | ३१००० | ३१००० | कृषि क्षेत्र |
| ९ | परिवर्तनशिल बहुउदेश्यीय कृषक समुह | | ६२००० | ० | ३१००० | ३१००० | कृषि क्षेत्र |
| १० | मेलचौर ताजा तरकारी कृषक समुह | | ६२००० | ० | ३१००० | ३१००० | कृषि क्षेत्र |
| जम्मा | | | ६२०००० | ० | ३१०००० | ३१०००० | |

४६ **कार्यविधि वेगर खर्च**

नेपाल सरकार अर्थमन्त्रालयद्वारा प्रकाशित सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी वनाउने सम्वन्धि मापदण्ड २०८१ अनुसार सार्वजनिक खर्चमा मितव्ययीता अपनाउनु पर्ने उल्लेख छ।साथै सार्वजनिक निकायले खर्च गर्दा कानून वमोजिमको नम्स र कार्यविधि निर्माण गरेर मात्रै खर्च गर्नुपर्दछ।पालिकाले यो आर्थिक बर्षमा राष्ट्रपति रनिङ्ग शिल्ड, पालिका कप तथा वडा स्तरिय खेलकुद तथा अतिरिक्त क्रियाकलाप गराई रु. २६८२१०४.०० खर्च लेख्दा अधिकांश खर्च खाना, खाजा, होटल बास, यातायात, पारिश्रमिक र पुरस्कारमा खर्च गरेको देखियो। पालिकाले यस्ता प्रकृतिका खर्च गर्दा कार्यविधि तयार गरी नर्मस र मापदण्डका आधारमा खर्च गर्नुपर्दछ। सो सम्बन्धी केही उदाहरण देहाय अनुसार छन्ः

| भौ न | कार्यक्रम | रकम |
|---|---|---|
| ९३।२०८१।७।२० | वडा खेलकुद प्रतियोगिता | २५१४८४ |
| १४२।२०८१।९।१८ | वडा स्तरीय खेलकुद कार्यक्रम | १२०००० |
| १५७।२०८१।९।२५ | खेलकुद तथा एकल नृत्य कार्यक्रम | १८९९५० |
| २२०।२०८१।१०।२२ | वडाकप प्रतियोगिता जेष्ठ नागरिक तथा विपन्न वालवालिका संरक्षण कार्यक्रम | २५०००० |
| २८६।२०८१।१२।६ | राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता | ९५००० |
| २९३।२०८१।१२।१० | राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता | ५२५४९१ |
| २९५।२०८१।१२।१० | राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता | ५३९०१ |
| ३१०।२०८१।१२।११ | वडा स्तरिय खेलकुद प्रतियोगिता | १००००० |
| ४२७।२०८२।२।२ | राष्ट्रपति रनिङ्ग शिल्ड | ३८०००० |
| ४६०।२०८२।२।१२ | वडा प्रतियोगित तथा खेलकुद सामाग्री | २००००० |
| ७२७।२०८२।३।२३ | कपुरकोट पालिका कप | ५१६२७८ |
| **जम्मा** | | **२६८२१०४** |

४७ **दायित्व भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को दफा ३९ (१५) उपनियम (१४) बमोजिम दायित्व सिर्जना भई भुक्तानी दिन बाँकीको विवरणमा समावेश भएको खर्च रकममध्ये तलब (स्वीकृत दरबन्दीको), मंहगी भत्ता, स्थानीय भत्ता, सरुवा भ्रमण खर्च, घर भाडा, पोशाक, खाद्यान्न, औषधी उपचार, बिरामी र बन्दीको सिदा सेवा निवृत्त सुविधा र स्वीकृत वार्षिक कार्यक्रममा समावेश भएको कुनै व्यक्ति, फर्म संस्था वा कम्पनीसँग सम्झैता बमोजिमको रकम खर्चको भुक्तानी दिन बाँकी रहेमा चालू आर्थिक वर्षको सम्बन्धित बजेट रकमवाट भुक्तानी दिन पुग्ने देखिएमा मन्त्रालयगत बजेट सूचना प्रणालीमा प्रविष्ट गराई सम्बन्धित कार्यालयले भुक्तानी दिन सक्नेछ।तर पालिकाले माथि उल्लेखित खर्च बाहेक देहायका शिर्षकमा गत वर्ष भएको खर्चको समेत भुक्तानी दिन बाँकी कच्चावारी प्रमाणित गरी भुक्तानी गरेको देखियो।नियम बमोजिम भुक्तानी गर्न नमिल्ने खर्च समेत भुक्तानी दिएकोले नियमसम्मत नदेखिएको रु.

| गो भौ नं।मिति | विवरण | भुक्तानी पाउने | रकम |
|---|---|---|---|
| ६३।२०८१।६।२१ | गाडी मर्मत खर्च | ईलाका प्रहरी कार्यालय, लुहाम | ९९८३६ |
| १३९।२०८१।९।१७ | ईन्धन खर्च भुक्तानी | हाम्रो पहुँच वहुउद्धेश्यीय सहकारी संस्था लिमिटेड | ४३१६३७ |
| **जम्मा** | | | **५३१४७३** |

| अनियमित भएको | ५,३१,४७३ |
|---|---|

४८ **अन्य निकायको खर्च (२१५-२०८२।०३।२४)**

पालिकाले प्राप्त गरेको आन्तरिक आय तथा केन्द्रीय निकायबाट प्राप्त निकासा पालिकाको क्षेत्राधिकार भित्र रहेको सार्वजनिक निर्माण तथा कल्याणकारी कार्यको लागि खर्च गर्नुपर्दछ।अन्य निकायलाइ तालुक निकायबाट बजेट बिनियोजन भएको र पालिकासंग रकम माग गर्दा सम्बन्धित निकायले तालुक कार्यालयबाट स्वीकृती लिएको हुनुपर्दछ। यस वर्ष पालिकाको क्षेत्राधिकार नरहेको अस्थायी प्रहरी चौकी कपुरकोट गा.पा. वडा.नं.५ लाई भवन निर्माण बोलपत्र माध्यमबाट उत्तम निर्माण सेवा त्रिवेणी -३ रोल्पासंग २०८१-१२-२७मा रू.१६३७१९०.०० मा खरिद सम्झौता भई रु.१६३२७९५.७९ भुक्तानी भएकोमा उक्त कार्यालय संघीय सरकार मातहतको भएको, तालुक निकायबाट स्वीकृति नलिएको, पालिकाको क्षेत्राधिकार नभएको र अन्य निकायको खर्च भएको हुँदा नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | १६,३२,७९५ |

४९ **पदाधिकारी सुविधा**

नेपालको संविधानको धारा २२७ मा नगर/गाउँ सभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने व्यवस्था अनुसार कर्णाली प्रदेश सरकारले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधा सम्बन्धी कानूनमा संशोधन र एकीकरण गर्न बनेको ऐन, २०७७ जारी गरेको छ। उक्त ऐनमा भएको व्यवस्था अनुसार यस पालिकाबाट आर्थिक वर्ष २०८१/८२ मा रु. ४८ लाख ३० हजार सुविधा वापत भुक्तानी भएको छ ।

५० **उपभोक्ता समितिबाट सरकारी कार्य**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था छ । त्यसै गरी आफुले सेवा उपभोग गर्ने सामुदाय रहेको स्थानमा निर्माण कार्य गराउदा उपभोक्ता समितिबाट गराउन सकिनेमा आफ्नो कार्य क्षेत्र बाहेकको सरकारी कार्यालयको कार्यसमेत उपभोक्ता समितिबाट गराएको देखियो।सरकारी काम निर्माण व्यवसायी बोलपत्रको माध्यमबाट प्रतिष्पर्धात्मक एवं मितव्ययी तवरले गर्नुपर्नेमा उपभोक्ता समितिबाट गराएकोले नियमसम्मत नदेखिएको रु.

| गो.भौ.नं.।मिति | कामको विवरण | भुक्तानी रकम |
|---|---|---|
| २।२०८१-०६-१६ | वडा कार्यालय भवनको अधुरो काम (फिनिसिङ्ग र कम्पाउण्ड वाल निर्माण) | ४५७५७८ |
| १९।२०८१-०९-२५ | वडा.नं.१ को कार्यालय परिसर घेराबार तथा बेडमिन्टन कोट निर्माण | ४४५७३५ |
| **जम्मा** | | **९०३३१३** |

| | |
|---|---|
| अनियमित भएको | ९,०३,३१३ |

५१ **प्राविधिक बिल र कार्यसम्पन्न**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित केहि योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको तथा केहिमा घटी कार्य भई कार्यसम्पन्न भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था नरहेको र घटी कार्य गरेको प्राविधिक पुष्टाई सहित भेरियसन गरेको देखिदैन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति तथा नापि मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित नहुने र घटी खर्च गराउन पर्नाको प्राविधिक कारण र पुष्टाई खुलाउनुपर्छ।

५२ **म्याद थप**

सार्वजनिक खरिद नियमावली, २०६४को नियम १२० मा खरिद संझौता बमोजिमको काम संझौताको अवधिभित्र पूरा गर्न नसकेमा निर्माण व्यवसायीले सम्बन्धित सार्वजनिक निकायमा निवेदन दिनुपर्ने र कार्यालयले सो निवेदन उपर आवश्यक जाँचबुझ गरी गराई कारण उचित लागेमा म्याद थप गर्न सक्ने प्रावधान छ । म्याद थप गर्नुअघि सम्बन्धित निर्माण व्यवसायीले समयमा नै काम सम्पन्न गर्न भर मग्दुर प्रयास गरे नगरेको, काबुबाहिरको परिस्थिति भए नभएको, कार्यालयले उपलब्ध गराउनु पर्ने कुराहरु उपलब्ध गराए नगराएको जस्ता कुराहरुको विश्लेषण गरेर मात्र खरिद संझौताको म्याद थप गर्नुपर्ने कुरा पनि सोही नियममा उल्लेख छ । कार्यालयले म्याद थप गर्नु

अगाडि यी कुराहरुको बारेमा विश्लेषण गरी एक पटक म्याद थप गरेपछि पटक पटक एउटै कारण देखाई म्याद थप गर्ने गरेको देखियो । सो सम्वन्धी विवरण देहायअनुसार छ।

| क्र.सं. | कार्यक्रमको नाम | **जम्मा** कायम सम्झौता सङ्ख्या | म्याद थप भएको सम्झौता सङ्ख्या | | | |
|---|---|---|---|---|---|---|
| | | | अवधि थप गर्नु नपर्ने | सुरु अवधिको ५०% सम्म थप | सुरु अवधिको ५१ देखि १००% सम्म थप | शतप्रतिशतभन्दा बढी अवधि थप |
| १ | १५ शैया अस्पताल भवन निर्माण | १ | ० | १ | ० | ० |
| २ | वडा २ र ४ को सडक निर्माण | १ | ० | १ | ० | ० |
| ३ | एकीकृत कपुरकोट खानेपानी योजना | १ | १ | ० | ० | ० |
| ४ | टुनिवोट छायाँनाथ कोइला सडक स्तरोन्ती | १ | ० | १ | ० | ० |
| ५ | गृह भवन निर्माण योजना | १ | १ | ० | ० | ० |
| ६ | अस्थायी प्रहरी पोस्ट भवन निर्माण योजना | १ | १ | ० | ० | ० |
| ७ | वडा नं ३ सडक निर्माण | १ | १ | ० | ० | ० |
| ८ | एकीकृत कपुरकोट खानेपानी योजना | १ | १ | ० | ० | ० |
| | जम्मा | ८ | ५ | ३ | ० | ० |

पालिकाले ८ खरिद सम्झौता गरेकोमा ५ को अवधि थप नगरेको भएपनि ३ को ५० प्रतिशत म्याद थप गरेको देखिन्छ।उक्त सम्झौताको निर्माण व्यवसायीले म्याद थपको निवेदन दिँदा थपिएको समयमा काम सम्पन्न गर्न सक्ने उल्लेख गरेको अवस्थामा पनि पुन: सोही व्यहोरा दोहोरिने गरेको छ । तर निर्माण व्यवसायीले काममा कुनै प्रगति नगरेको अवस्थामा पनि नियम १२१ अनुसार पूर्व निर्धारित क्षतिपूर्ति नलिई म्याद थप गर्नाले निर्माण व्यवसायीले काम सम्पन्न गर्न चासो दिने गरेको देखिएन । तसर्थ कार्यालयले संझौता अनुसारको काम समयमा नै सम्पन्न गर्न निर्माण व्यवसायीलाई जिम्मेवार बनाउनु पर्दछ।

५३ **पुर्वनिर्धारित क्षतिपुर्ति**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ र खरिद सम्झौता बमोजिम खरिद सम्झौतामा तोकिएको म्यादभित्र निर्माण व्यवसायीका कारण कार्य सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई सम्झौता रकमको दश प्रतिशतमा नबढ्ने गरी साधारणतया प्रति दिन सम्झौता रकमको शुन्य दशमलव शुन्य पाँच प्रतिशतले पूर्वनिर्धारित क्षतिपूर्ति लिनुपर्ने व्यवस्था छ।जिवनज्योति नमूना मा.वि. कपुरकोट ५ ठेक्का न JJSS/NCB/WORK-01-2081-082 मा २०८२।०२।३० मा कार्य सम्पन्न गर्ने गरी निर्माण व्यवसायी उत्तम निर्माण सेवा संग रु.६८१५०३०.४८ र मु.अ.कर ८७०३५३.९६ समेत रु.७६८५३८४.४५ मा (मु अ कर बाहेक) सम्झौता भएकोमा निर्माण व्यवसायीले कार्य सम्पन्न नदिएको र निर्माण कार्यको प्राविधिक मुल्याङकन गर्दा कार्य सम्पन्न मिति २०८२।०३।१५ उल्लेख भएकोले तोकिएको अवधिभन्दा १७ दिन ढिला कार्य सम्पन्न भएको हुदा प्रति दिन ०.०५ प्रतिशतले हुने १७ दिनको रु.५७९२७.७६ पुर्वनिर्धारित क्षतिपुर्ति असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५७,९२७.७६ |

५४ **सफ्टवयेर खरिद**

नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यवस्थापन तथा संचालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था छ । पालिकाले निम्न बमोजिम सफ्टवेयर खरिद गरेकोमा सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन ।प्रणालीको नियमन, नियन्त्रण, अनुगमन तथा सुरक्षण सुनिश्चित गरी सफ्टवेयर निर्माण एवं उपयोग गर्नुपर्दछ ।

| क्र.सं | कार्यक्रमको नाम | खरिद गरेको वर्ष | सफ्टवेयर खरिद खर्च | यो वर्षको वार्षिक मर्मत सम्भार खर्च | हालसम्मको मर्मत सम्भार खर्च |
|---|---|---|---|---|---|
| १ | योजना व्यवस्थापन प्रणाली | २०८०।०८१ | ४९७२०० | ६१००० | ६१००० |
| २ | EHIRRS सफ्टवेयर | २०८०।०८१ | ४४९९९९ | ६७८०० | ६७८०० |
| ३ | HIMS सफ्टवेयर | २०८०।०८१ | ४९७२०० | ११३००० | ११३००० |
| | जम्मा | | १४४४३९९ | २४१८०० | २४१८०० |

५५ **निर्माण कार्यको गुणस्तर**

उपभोक्ता समितिबाट सञ्चालन हुने आयोजनाको गुणस्तर सुनिश्चित गर्ने जिम्मेवारी सम्बन्धित उपभोक्ता समिति, अनुगमन समिति र कार्यालयको हो । यसका लागी स्वीकृत ड्रइङ्ग, डिजाइन र स्पेसिफिकेशन बमोजिम निर्माण सामग्रीको गुणस्तर कायम गर्नुपर्ने, निर्माण विधि र प्रकृया कार्यालयसँग भएको सम्झौता बमोजिम हुनुपर्ने, मितव्ययिताका लागि स्थानीय स्तरमा उपलब्ध, गुणस्तरयुक्त सामग्रीको उपयोग गर्नुपर्दछ । गाउँपालिकाले उपभोक्ता समिति मार्फत् भएका निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न विभिन्न निर्माण सामग्रीको प्रयोगशाला परीक्षण गर्ने/गराउने, सिमेण्ट मोर्टार तथा कंक्रिट क्यूब टेष्ट, फलामे डण्डीको टेन्साइल टेष्ट, ग्याबियन तारजालीको ल्याब टेष्ट गराउने जस्ता कार्य गराएको पाइएन । जसले गर्दा निर्माण कार्यमा आवश्यक गुणस्तर कायम भएको सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था छैन । अतः निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न आवश्यक मात्रामा गुणस्तर परीक्षण गराउनुपर्दछ।

५६ **उपभोक्ता समितिको बिल भरपाई**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (६) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन बिल भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको वैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ। यो वर्ष गाउँपालिकाले उपभोक्ता समितिबाट सम्पन्न भएका अधिकांश योजनामा प्राविधिक नापी तथा कार्यसम्पन्न प्रतिवेदनको आधारमा उपभोक्ता समितिलाई रकम भुक्तानी गरेको देखियो। उपभोक्ता समितिले प्राविधिक नापी तथा उपभोक्ताको बिल पेश गर्दा आंशिक रूपमा मात्र डोर हाजिरी तथा खर्चका बिल भरपाई संलग्न गरी पेश गर्ने गरेको देखियो। नियमावलीमा भएको व्यवस्था अनुरूप उपभोक्ता समितिले खर्चको बिल भरपाई उक्त समुहको वैठकबाट समेत अनुमोदन गर्ने गरेको देखिएन। यस सम्बन्धमा फिल्डमा गई प्राविधिकले पेश गर्ने वास्तविक नापी तथा कार्यसम्पन्न प्रतिवेदनको आधारमा रकम भुक्तानी गर्ने गरेको गाउँपालिकाले जानकारी दिएतापनि योजनामा प्रयोग भएका सामग्री खरिदको समेत बिल पेश नहुँदा नापी अनुसारको वास्तविक परिमाण र लागत के सामान प्रयोग भयो भनि आश्वस्त हुन सक्ने अवस्था रहेन । गत विगत वर्षका प्रतिवेदनहरुमा समेत यस सम्बन्धमा सुझाव दिँदै आएकोमा अवस्थामा सुधार भएको देखिएन ।

५७ **लिफट खानेपानी योजना**

दुई निकायले एउटै योजना संचालन गर्दा कार्यकक्षेत्र र कार्यप्रगति का विषयमा आपसी समझदारी सँग तयार गर्नुपर्दछ। कपुरकोट गाँउपालिका वडा.नं.१ मा डुमै खोला घट्टे टाकुरा लिफट खानेपानी योजना संञ्चालन गरी खानेपानी आपूर्ति गर्न खानेपानी सिचाई तथा उर्जा विकास कार्यालय सल्यानले विस्तृत परियोजना निवेदन तयार गरेकोमा गाँउपालिकाले यस वर्ष ठेक्का मार्फत रु.१८४४१२४.०० को एचडिपीई तथा जिआई पाइप खरिद गरी कार्यालय परिसरमा मौज्दात राखेको पाइयो। दुई कार्यालय बिच उक्त योजना संचालन

तरिका कार्य क्षेत्र, कार्य प्रकृति र लागत सहभागिताका विषयमा समझदारी तयार गरी स्वीकृत गरेको देखिएन। उक्त योजनामा खानेपानी तथा सरसफाई, सिचाई एवं उर्जा डिभिजन कार्यालय सल्यानले कुन प्रकृतिको कति कार्य गरेको हो सो समेत खुल्न आएन। दुई कार्यालपालिका बिच समझदारी पत्र तयार गरी लागत सहभागिताका विषयमा स्पष्ट उल्लेख नभएकोले योजना सञ्चालनको मोडालिटि स्पष्ट भएन।अतः समझदारी पत्र तयार गरी स्वकृतिका आधारमा योजना संञ्चालन गरी स्वीकृत मोडालिटीका खानेपानी आपूर्ति गर्नुपर्छ।

५८ **परामर्श खर्च**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५(१) (क१) मा पाँच लाख रुपैयाँसम्म र नियम ७१ मा विस लाख रुपैयाँसम्म लागत अनुमान भएको परामर्श खरिदका लागि प्रस्ताव माग गर्नुपर्ने व्यवस्था छ। सम्झौता अनुरुप विस्तृत परियोजना प्रतिवेदन समयमा तयार गरी आयोजनाहरु कार्यान्वयनमा लैजानुपर्दछ । बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस कार्यालयले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।

| क.सं. | कार्यक्रमको नाम | कुल खर्च | कुल खर्च मध्ये परामर्श खर्च | परामर्श खर्च मध्ये बोलपत्र सिलबन्दी दरभाउ बाहेक खरिद |
|---|---|---|---|---|
| १ | भू उपयोग योजना निर्माण | १०००००० | ७९४१३४ | ७९४१३४ |
| २ | यातायात गुरुयोजना निर्माण | ११०४७४६ | ९७९०३२ | ९७९०३२ |
| जम्मा | | २१०४७४६ | १७७३१६६ | १७७३१६६ |

गुरुयोजना निर्माण गर्दा कार्यालयको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा कार्यालयको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ।अतः परामर्श सेवा कार्य प्रकृति मिल्नेमा प्याकेजिङ्ग गरी प्रतिस्पर्धात्मक रुपले खरिद गरी कार्यान्वयनमा लैजानुपर्दछ ।

५९ **भेरियशन नभएको**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११८ बमोजिम खरिद सम्झौता गर्दाको बखत पुर्वानुमान गर्न नसकेको स्थिति सो सम्झौता कार्यान्वयनको क्रममा सृजना भई ऐनको दफा ५४ बमोजिम सार्वजनिक निकायले भेरिएसन आदेश जारी गर्नुपर्ने भएमा उपनियम २ ख भेरिएसन परिमाणको प्राबिधिक पुष्ट्याईँ र कारण खोलि भेरिएशन आदेश जारी गर्नुपर्दछ।पालिकाले यस वर्ष देहायको खरिद सम्झौतामा केही आइटम सम्झौता परिमाण भन्दा रु. ११०७३८४.३८ घटी बढी कार्य सम्पादन गरेकोमा प्राबिधिक पुष्ट्याईँ र कारण खोली भेरियशन आदेश जारी नगरेकोले खर्च अनियमित देखिएको रु.

| गो भौ नं। मिति | योजना/ठेक्का नम्वर | निर्माण व्यवसायी | कार्य स्वीकार | सम्झौता अङ्क | घटी रकम |
|---|---|---|---|---|---|
| २२।२०८२।३।२३<br>२०९।२०८२।३।२३ | टुनिबोट छाँयानाथ कोइला सडक स्तरोन्नती KUMN/NCB/WORKS/01/2081-82 | स्वपनिल जिज्ञासु जे.भी. त्रिवेणी १ | १५१४००२९.६३ | १५६७३४४२.०३ | ५३३४१२.४० |
| २५।२०८२।३।२४ | एकिकृत कुपरकोट खानेपानी योजना कपुरकोट ३ र ४ KUMN/NCB/WORKS/04/2081-82 | खैरावाङ इन्जिनियरिङ्ग एण्ड सर्भिसेज कन्सट्रक्सन | ६४९२६१८.६० | ७०६६५९०.५८ | ५७३९७१.९८ |
| जम्मा | | | **२१६३२६४८.२३** | **२२७४००३२.६१** | **११०७३८४.३८** |

| | |
|---|---|
| अनियमित भएको | ११,०७,३८४.३८ |

६० **समानिकरणबाट शिक्षकलाइ तलब**

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउनुपर्ने, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं.५६३ मिति २०७८।३।३० को वित्तिय समानिकरण अनुदान प्रयोग सम्वन्धमा भएको परिपत्र तथा अर्थ मन्त्रालयको, च.नं.१२१ मिति २०७८।३।२७ मा गरेको परिपत्र अनुसार अर्थ मन्त्रालयको २०७८।३।२५ को निर्णयले वित्तीय सामानिकरण अनुदानको रकमबाट करार सेवामा मासिक पारिश्रमिक र प्रशासनिक खर्च गर्न नमिल्ने उल्लेख छ । साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी शैक्षिक सत्र २०८० का लागि सहयोग अनुदान दिन सकिने व्यवस्था छ । तर पालिकाले आर्थिक वर्ष २०८१।०८२ को नीति तथा कार्यक्रममा शैक्षिक संस्थालाई वित्तीय समानिकरणवाट चार वटा त्रैमासिकमा तोकिएको दरमा निकासा दिने गरी रु. ३०७६७१९.०० अनुदान निकासा दिएको देखियो। सो सम्बन्धी विवरण देहाय अनुसार छः

| क्र.सं. | विधालयको नाम | स्वीकृत शिक्षक दरबन्दी | विधार्थी संख्या | अनुपात | समानिकरणबाट थप शैक्षिक अनुदान |
|---|---|---|---|---|---|
| १ | कालिका मा.वि.कपुरकोट ३ कपुरकोट | ५ | ३९० | १:७८ | २५९१६० |
| २ | भवानी मा.वि.कपुरकोट ६ छाँयानाथ | ६ | ४०७ | १:६८ | २९४६२४ |
| ३ | विरेन्द्र मा.वि.कपुरकोट २ गर्पा | ४ | २९३ | १:७३ | २९४६२४ |
| ४ | सरस्वती आ.वि.कपुरकोट ५ जामुनेचौर | ३ | १५३ | १:५१ | १५४४०५ |
| ५ | शिद्ध आ.वि.कपुरकोट ५ खाली | ३ | १३९ | १:४६ | १५४४०५ |
| ६ | शिद्ध आ.वि. कपुरकोट ६ ढाँर | ३ | १२९ | १:४३ | १५४४०५ |
| ७ | सरस्वती आ.वि.कपुरकोट ६ रातामाटा | ३ | ११२ | १:३७ | १५४४०५ |
| ८ | गायत्री आ.वि.कपुकोट ४ गाँडापानी | ३ | ८५ | १:२८ | १५४४०५ |
| ९ | जानकी आ.वि.कपुरकोट ६ डाँग्री | १ | ४९ | १:४९ | १५४४०५ |
| १० | दहबन आ.वि.कपुरकोट १ गैरबाङ | १ | १४२ | १:१४२ | २८७५३१ |
| ११ | जनचेतना प्रा.वि.कपुरकोट १ लामपोखरा | ० | ६३ | ० | ३१३८०० |
| १२ | जनज्योती प्रा.वि. कपुरकोट २ सिमलकुना | २ | ३५ | १:१८ | ११८९४१ |
| १३ | भुवनेश्वरी प्रा.वी.कपुरकोट ५ सिन्दुरी | १ | ३३ | १:३३ | १३३१२६ |
| १४ | सरस्वती प्रा.वि.कपुरकोट ४ चुनवाङ | ० | १९ | ० | १९६४१६ |
| १५ | भानु प्राथमिक विधालय कपुरकोट २ गोठिबन | ० | २२ | ० | १३३१२६ |
| १६ | सरस्वती प्रा.वि.कपुरकोट १ कालापात्ला | ० | २१ | ० | ११८९४१ |
| जम्मा | | | | | ३०७६७१९ |

स्वीकृत दरवन्दी रहेका विद्यालयलाई समेत वित्तीय समानिकरणबाट अनुदान दिई तलब भत्तामा विद्यालयले खर्च लेखेकोले नियम सम्मत नदेखिएको रु

| | |
|---|---|
| अनियमित भएको | ३०,७६,७१९ |

## ६१ लेखापरीक्षण नभएको

स्थानीय निकाय मातहत रहेको अस्पतालको आय-व्यव विवरण तयार गरी श्रेस्ता पेश गरी लेखापरीक्षण गराउनुपर्दछ। कपुरकोट गाउँपालिका मातहतको कपुरकोट अस्पतालले आर्थिक वर्ष २०८१।०८२ को श्रेस्ता लेखापरीक्षणमा पेश हुनआएन। पालिकाले अस्पतालको आय-व्यय रकम र आम्दानी भएको आन्तरिक आय-व्यय विवरणमा समावेस गरेको दाखिला अस्पतालको गत आर्थिक वर्ष २०८०।०८१ को जिम्मेवारी रु.२५७०१५.२८ यसवर्षको आय रु.२९१०५६१.०० समेत जम्मा आम्दानी रु.३१६७५७६.२८ रहेकोमा व्यय रु.२७५७४८१.०० र मौज्दात रु.४१००९५.२८ भएको विवरण प्राप्त भएपनि समेत सम्बन्धित श्रेस्ता कागजात लेखापरीक्षणका लागि पेश भएन। पालिका र अस्पतालले छलफलमा जनाए अनुसार उक्त अस्पतालको दुवै बैंक खाता खोली अस्पताल विकास समितिको निर्णय अनुसार खर्च गरी रजिष्ट्र्ड लेखापरीक्षणबाट लेखापरीक्षण गरेको जनाएकोमा लेखापरीक्षण प्रतिवेदन समेत पेश भएन। अस्पताल छुटै कानूनद्वारा गठन नभई पालिका मातहत रहेकोले पालिकाको आय-व्ययमा रकम आय-व्यय समावेस गरी पालिकाले आन्तरिक तथा अन्तिम लेखापरीक्षण गराउनु पर्दछ।

## ६२ समानिकरणबाट चालु खर्च

संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प.सं.२०७७।७८, च.नं.५६३ मिति २०७८।३।३० को वित्तिय समानिकरण अनुदान प्रयोग सम्वन्धमा भएको परिपत्र तथा अर्थ मन्त्रालयको प.सं.२०७७।७८, च.नं.१२१ मिति २०७८।३।२७ को परिपत्र अनुसार अर्थ मन्त्रालयको २०७८।३।२५ को निर्णयले वित्तीय सामानिकरण अनुदानको रकमबाट करार सेवामा मासिक पारिश्रमिक भूक्तानी गर्ने जस्तो प्रशासनिक खर्च गर्न नमिल्ने उल्लेख छ । पालिकाले निम्नानुसारको वित्तीय समानीकरण अनुदानबाट रु. ३४२३२९१.३२ अन्य चालु प्रकृतिको खर्च गरेकोले नियम सम्मत देखिएन।सो सम्वन्धी विवरण देहाय अनुसार छनः

| क्र.सं. | विधालयको नाम | बालविकास केन्द्र थप | विधालय कर्मचारी थप | लाइब्रेरियन तलब | सा.सि.के.थप तलब | जम्मा |
|---|---|---|---|---|---|---|
| | | समानिकरण अनुदान | समानिकरण अनुदान | समानिकरण अनुदान | समानिकरण अनुदान | |
| १ | जिवन ज्योती मा.वि.कपुरकोट ५ रिम | ४२५४९ | ७४४६१ | १०४७३६ | ० | २२१७४६ |
| २ | नेपाल राष्ट्रिय मा.वि.कपुरकोट ४ किमुचौर | ४२५४९ | ७४४६१ | १०४७३६ | ० | २२१७४६ |
| ३ | भवानी मा.वि.कपुरकोट ६ छाँयानाथ | ४२५४९ | ६७४६१ | १०४७३६ | ० | २१४७४६ |
| ४ | कालिका मा.वि. कपुरकोट ३ कपुरकोट | ४२५४९ | ७४४६१ | १०४७३६ | ० | २२१७४६ |
| ५ | विरेन्द्र मा.वि.कपुरकोट २ गर्पा | ४२५४९ | ७४४६१ | १०४७३६ | ० | २२१७४६ |
| ६ | सरस्वती आ.वि.कपुरकोट ५ जामुनेचौर | ४२५४९ | ४९६४१ | १०४७३६ | ० | १९६९२६ |
| ७ | शिद्ध आ.वि.कपुरकोट ५ खाली | ४२५४९ | ४९६४१ | १०४७३६ | ० | १९६९२६ |
| ८ | शिद्ध आ.वि.कपुरकोट ६ ढाँर | ४२५४९ | ४९६४१ | १०४७३६ | ० | १९६९२६ |
| ९ | सरस्वती आ.वि. कपुरकोट ६ रातामाटा | ४२५४९ | ४९६४१ | १०४७३६ | ० | १९६९२६ |
| १० | गायत्री आ.वि.कपुरकोट ४ गाडापानी | ४२५४९ | ४९६४१ | १०४७३६ | ० | १९६९२६ |
| ११ | जानकी आ.वि. कपुरकोट ६ डाग्री | ४२५४९ | ४९६४१ | १०४७३६ | ० | १९६९२६ |
| १२ | दहबन आ.वि. कपुरकोट १ गैरिबाङ | ४२५४९ | ४९६४१ | १०४७३६ | ० | १९६९२६ |
| १३ | जनचेतना प्रा.वि. कपुरकोट १ लामपोखरा | ० | ४९६४१ | ० | ० | ४९६४१ |
| १४ | शिवोदय प्रा.वि. कपुरकोट १ सारपानी | ४२५४९ | ४९६४१ | ० | ० | ९२१९० |
| १५ | सरस्वती आ.वि. कपुरकोट २ दानवाङ | ४२५४९ | ४९६४१ | ० | ० | ९२१९० |
| १६ | प्राथमिक विधालय कपुरकोट ४ क्युरेणी | ४२५४९ | ४९६४१ | ० | ० | ९२१९० |
| १७ | प्राथमिक विधालय कपुरकोट ३ मुलपानी | ४२५४९ | ४९६४१ | ० | ० | ९२१९० |
| १८ | जन ज्योती प्रा.वि. कपुरकोट २ सिमलकुना | ० | ४९६४१ | ० | ० | ४९६४१ |
| १९ | भुवनेश्वरी प्रा.वि. कपुरकोट ५ सिन्दुरी | ४२५४९ | ४९६४१ | ० | ० | ९२१९० |
| २० | सरस्वती प्रा.वि. कपुरकोट ४ चुनवाङ | ० | ४९६४१ | ० | ० | ४९६४१ |
| २१ | सरस्वती प्रा.वि. कपुरकोट ५ सल्लाम | ४२५४९ | ४९६४१ | ० | ० | ९२१९० |
| २२ | भानु प्राथमिक विधालय कपुरकोट २ गोठिबन | ४२५४९ | ४९६४१ | ० | ० | ९२१९० |
| २३ | सरस्वती प्रा.वि.कपुरकोट १ कालापाल्ला | ० | ४९६४१ | ० | ० | ४९६४१ |
| २४ | शिद्धबाबा बालबिकास केन्द्र कपुरकोट ५ सिस्नेरी | ४२५४९ | ० | ० | ० | ४२५४९ |
| २५ | सरस्वती सा.सि.के. कपुरकोट ५ रिम | ० | ० | ० | २८५०४.३२ | २८५०४.३२ |
| २६ | कपुरकोट सा.सि.के.कपुरकोट ३ | ० | ० | ० | २८१३२ | २८१३२ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | कपुरकोट | | | | | |
| जम्मा | | ८५०९८० | १२५८८४३ | १२५६८३२ | ५६६३६.३२ | ३४२३२९१.३२ |

६३ **पालिका अनुदान शिक्षक तलब**

विधालयमा शिक्षक सिकाई सहयोग व्यवस्थापन अनुदान कार्यविधि २०८० बमोजिम अनुसूची १ मा उल्लेखित सुचकांक अनुसार रकम उपलब्ध गराउने व्यवस्था छ। जस अनुसार बालविकासका लागि अनुदान प्राप्त गरेका तर संघीय सरकारबाट शर्सतमा तलब निकासा भएका एवं कम्तिमा ५ जना विधार्थी भएका विधालयलाई रु.२१८०००.०० अनुदान दिने आधारभूत तह (१-५) संचालित विधालयको हकमा अनुमति प्राप्त भएको तर दरवन्दी वा राहत कोटा प्राप्त नगरेको र विधार्थी संख्या कक्षा १-५ सम्म २० देखि ४० सम्म भर्ना भएको भए रु.२४४०००.००, ४० भन्दा बढी भर्ना भए बार्षिक रु.४८८०००.०० राहत र स्वीकृत दरवन्दी १ दरवन्दी प्राप्त गरेको तर १-५ कक्षामा जम्मा ३० जना विधार्थी भर्ना भए वार्षिक रु.२४४०००.०० बार्षिक अनुदान उपलब्ध गराउने, आधारभूत तह(कक्षा ६-८) अनुमाति बिना गरेका तर राहत दरवन्दी प्राप्त नगरेको तथा विधार्थी संख्याका आधारमा दरवन्दी अपुग भएका विधालय हुनुपर्ने व्यवस्था छ। शिक्षक सिकाई अनुदानबाट नियुक्त विषयमा दोहोरो नपर्ने गरी गणित, अग्रेजी, विज्ञान मध्ये कुनै एक विषयको शिक्षक व्यवस्थापनका लागि वार्षिक एकमुष्ट २८३०००.०० अनुदान उपलब्ध गराउने कार्यविधिमा उल्लेख छ। उक्त कर्यविधिमा उल्लेखित सूचकांकका आधार एवं सो बेगरका आधार भएका १६ विद्यालयलाई रु. २५६२४२८.०० अनुदान निकासा भएको पाइयो। विद्यालय यस वर्ष मर्ज नगरेको कक्षा संख्या नघटाउने तर विधालयलाई पालिका शिक्षक अनुदान उपलब्ध गराउने कार्य उचित देखिएन।सो सम्बन्धी विवरण देहाय अनुसार छः

| क्र.सं. | विधालयको नाम | स्वीकृत शिक्षक दरबन्दी | विधार्थी संख्या | शिक्षक विधार्थी अनुपात | राजस्व बाँडफाँडबाट अनुदान |
|---|---|---|---|---|---|
| १ | भवानी मा.वि.कपुरकोट ६ छाँयानाथ | ६ | ४०७ | १:६८ | २४५३७६ |
| २ | कालिका मा.वि. कपुरकोट ३ कपुरकोट | ५ | ३९० | १:७८ | २१५८४० |
| ३ | विरेन्द्र मा.वि.कपुरकोट २ गर्पा | ४ | २९३ | १:७३ | २४५३७६ |
| ४ | सरस्वती आ.वि.कपुरकोट ५ जामुनेचौर | ३ | १५३ | १:५१ | १२८५९५.२ |
| ५ | शिद्ध आ.वि.कपुरकोट ५ खाली | ३ | १३९ | १:४६ | १२८५९५.२ |
| ६ | शिद्ध आ.वि.कपुरकोट ६ ढाँर | ३ | १२९ | १:४३ | १२८५९५.२ |
| ७ | सरस्वती आ.वि.कपुरकोट ६ रातामाटा | ३ | ११२ | १:३७ | १२८५९५.२ |
| ८ | गायत्री आ.वि.कपुरकोट ४ गैरिबाङ | ३ | ८५ | १:२८ | १२८५९५.२ |
| ९ | जानकी आ.वि.कपुरकोट ६ डाँग्री | १ | ४९ | १:४९ | १२८५९५.२ |
| १० | दहबन आ.वि. कपुरकोट १ गैरिबाङ | १ | १४२ | १:१४२ | २३९४६८.८ |
| ११ | जनचेतना प्रा.वि. कपुरकोट १ लापु | ० | ६३ | ० | २६१३४६.७९ |
| १२ | जनज्योती प्रा.वि.कपुरकोट २ सिमलकुना | २ | ३५ | १:१८ | ९९०५९.२ |
| १३ | भुबनेश्वरी प्रा.वी.कपुरकोट ५ सिन्दुरी | १ | ३३ | १:३३ | ११०८७३.६ |
| १४ | सरस्वती प्रा.वि.कपुरकोट ४ चुनबांग | ० | १९ | ० | १६३५८४ |
| १५ | भानु प्राथमिक विधालय कपुरकोट २ गोठिबन | ० | २२ | ० | ११०८७३.६ |
| १६ | सरस्वती प्रा.वि.कपुरकोट १ कालापाल्ला | ० | २१ | ० | ९९०५९.२ |
| जम्मा | | | | | **२५६२४२८** |

६.४ **शिक्षक विद्यार्थी अनुपात**

शिक्षक विद्यार्थी अनुपातः शिक्षा नियमावली २०५९ को नियम ४ बमोजिम विद्यालय खोल्नको लागि सामुदायिक विद्यालयमा अनुसुचि ३ बमोजिमको पुर्वाधार हुनुपर्ने व्यवस्था छ।अनुसुचि ३ को (ठ) बमोजिम प्रतिकक्षा विद्यार्थी सङ्ख्या हिमाली क्षेत्रमा ४०, पहाडी क्षेत्रमा ४५ र तराइ क्षेत्रमा ५० हुनुपर्ने उल्लेख छ।पालिकाले उपलब्ध गराएको विवरण अनुसार विद्यालयमा शिक्षक विद्यार्थी अनुपात देहायबमोजिम रहेको छः

| क्र.स. | विद्यालयको नाम | शिक्षक दरबन्दी | विद्यार्थी संख्या | शिक्षक विधार्थी अनुपात |
|---|---|---|---|---|
| १ | श्री जिवनज्योती मा वी | १२ | ६०१ | १:५० |
| २ | श्री नेपाल राष्ट्रिय मा वी | ११ | ६४१ | १:५८ |
| ३ | श्री भवानी मा वी | ६ | ४०७ | १:६८ |
| ४ | श्री कालिका मा वी | ५ | ३९० | १:७८ |
| ५ | श्री विरेन्द्र मा वी | ४ | २९३ | १:७३ |
| ६ | श्री शिद्ध आधारभूत विद्यालय कपूरकोट ५ | ३ | १३९ | १:४६ |
| ७ | श्री सरस्वती आधारभूत विद्यालय कपुरकोट ५ | ३ | १५३ | १:५१ |
| ८ | श्री सरस्वती आधारभूत विद्यालय कपुरकोट ६ | ३ | ११२ | १:३७ |
| ९ | श्री शिद्ध आधारभूत विद्यालय कपूरकोट ६ | ३ | १२९ | १:४३ |
| १० | श्री गायत्री आधारभूत विद्यालय | ३ | ८५ | १:२८ |
| ११ | श्री जानकी आधारभूत विद्यालय | १ | ४९ | १:४९ |
| १२ | श्री शिवोदय प्राथमिक विद्यालय | ३ | ३९ | १:१३ |
| १३ | श्री प्राथमिक विद्यालय कपुरकोट ४ | ३ | ४४ | १:१५ |
| १४ | श्री प्राथमिक विद्यालय कपुरकोट ३ | ३ | ३८ | १:१३ |
| १५ | श्री सरस्वती प्राथमिक विद्यालय कपुरकोट २ | ३ | ३३ | १:११ |
| १६ | श्री सरस्वती प्राथमिक विद्यालय कपुरकोट १ | ० | २१ | ० |
| १७ | श्री दहवन प्राथमिक विद्यालय | १ | १४२ | १:१४२ |
| १८ | श्री भुवनेश्वरी प्राथमिक विद्यालय | १ | ३३ | १:३३ |
| १९ | श्री जनज्योती प्राथमिक विद्यालय | २ | ३५ | १:१८ |
| २० | श्री सरस्वती प्राथमिक विद्यालय कपुरकोट ५ | ० | १९ | ० |
| २१ | श्री भानु प्राथमिक विद्यालय | ० | २२ | ० |
| २२ | श्री जनचेतना प्राथमिक विद्यालय | ० | ६३ | ० |
| २३ | श्री सरस्वती प्राथमिक विद्यालय कपुरकोट ४ | ० | १९ | ० |
| २४ | श्री सिद्धवावा प्राथमिक विद्यालय | ० | २३ | ० |
| जम्मा | | ७० | ३५३० | १:५० |

उपरोक्त विवरण अनुसार २४ विद्यालयमा शिक्षक दरबन्दी ७० रहेकोमा विद्यार्थी संख्या ३५३० रहेको देखिन्छ भने पालिकाको शिक्षक विद्यार्थी औषत अनुपात १:५० रहेको देखिन्छ । विद्यालय मर्ज गर्ने र भौगोलिक विकटताले नमिल्ने स्थानमा कक्षा घटाई शिक्षक

व्यवस्थापन गर्नुपर्दछ ।

६५ **स्यानिटरी प्याडः २०३१।२०८२।०३।१६**

स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। पालिकाका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरु ११५१ जना रहेका छन। पालिकाले आर्थीक वर्ष २०८१।८२ मा स्यानिटरी प्याड १३८१२ थान वन्स सेनेटरी नेप्किन उद्योगसँग रु ९३९२१६.००. ( मु.अ.कर समेत) खरिद गरी विद्यालयलाई वितरण गरेकोमा गुणस्तर परीक्षण प्रतिवेदन संलग्न भएको देखिएन।गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्ने, सुरक्षित भण्डारण गर्नुपर्ने र समयमै वितरण गरी प्रयोगको अवस्थाबारे अनुगमन गरी प्रतिवेदन गर्नुपर्दछ।

६६ **शिक्षक दरवन्दी र पदपूर्ति**

स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।

| क्र.स. | विद्यालयको संख्या | शिक्षक दरबन्दी | पदपुर्ती मध्ये स्थायी | पदपुर्ती मध्ये करार | विद्यार्थी संख्या |
|---|---|---|---|---|---|
| १ | २४ | ७० | ६५ | ५ | ३५३० |

पालिकाको शिक्षक विद्यार्थी औषत अनुपात १:५० रहेको देखिन्छ। अतः शिक्षक विद्यार्थी अनुपात मिलाउन विद्यालय मर्ज गर्ने र भौगोलिक कठिनाइले सम्भव नभएकोमा कक्षा संख्या घटाऐ शिक्षक व्यवस्थापन गर्नुपर्दछ ।

६७ **प्रति विद्यार्थी लागत अनुदान (२५३-२०८२।०३।१८, १३१-२०८१।१२।२१)**

कार्यक्रम कार्यान्वयन पुस्तिका २०८१।२०८२ को कृयाकलाप नं. २.७.१३.५० को प्रति विद्यार्थी लागतका आधारमा सिकाई सामाग्री तथा डिजिटल सिकाई सामाग्री व्यवस्थाका लागि विद्यालय अनुदान अन्तर्गत पालिकाका २४ विद्यालयलाई रु.७,५३,२५०.०० निकासा भएको छ। पालिकाले उक्त अनुदान सदुपयोग गरेको विषय खुलाई प्रगति प्रतिवेदन पेश नगरेको र पालिकाले अनुगमन गरी प्रतिवेदन गरेको देखिएन।

६८ **छात्रवृत्ति सार्वजनिकीकरण**

नेपालको संविधानको अनुसूची ८ अनुसार आधारभूत र माध्यमिक शिक्षा स्थानीय तहको अधिकारको सूची अन्तर्गत समावेश गरिएको छ। अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ को दफा २७ मा निजी लगानीका विद्यालयले प्रारम्भिक बालविकास शिक्षादेखि बाह कक्षा सम्मका कूल विद्यार्थी संख्या अनुसार पांचसय जनासम्म, पांचसय देखि आठसय जनासम्म र आठसय भन्दा बढी विद्यार्थी संख्या भएका विद्यालयले क्रमशः कम्तीमा दश, बाह्र र पन्ध्र प्रतिशत विद्यार्थीलाई निःशुल्क शिक्षा प्रदान गर्न स्थान आरक्षण गर्नुपर्ने व्यवस्था छ। शिक्षा नियमावली, २०५९ को नियम १५१ मा संस्थागत विद्यालयले गरीव, अपाङ्ग, महिला, दलित र जनजाति विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउनुपर्ने व्यवस्था छ। यसर्थ, पालिकाले आफ्नो क्षेत्रका विद्यालयको अनुगमन गरी यस्ता छात्रवृत्ति कार्यक्रमको कार्यान्वयनको पारदर्शिता र जवाफदेहिता प्रवर्द्धनको लागि यसरी छात्रवृत्ति पाउने विद्यार्थीको नाम, ठेगाना र रकम पालिकाको र सम्वन्धित विद्यालयको वेभसाइटबाट सार्वजनिकरण गर्नु गराउनुपर्दछ ।

६९ **औषधी खरिद**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा पच्चीस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । यस वर्ष पालिकाले संघीय स्रोतबाट रु. २०४३८३०.०० र गाउँपालिका चालुबाट रु.१७६१८२४.०० समेत जम्मा रु.३८०५६५४.०० को

औषधी खरिद गरेको पाइयो।कुल औषधि खरिद मध्ये बोलपत्र मार्फत रु.६११५१८.००, बोलपत्र दरमा रु. ६८५७३१.०० र सोझै रु.२५०८४०५.०० खरिद गरेको देखिन्छ। पर्तिस्पर्धात्मक बिधिबाट औषधि खरिद गर्नुपर्दछ।सो सम्बन्धी विवरण देहायअनुसार छन् :-

| ब.उ.शि.नं. | भौ न। मिति | सप्लायर्स | खर्च रकम | कैफियत |
|---|---|---|---|---|
| संघीय सर्सत | १३५ र १७६ ०८२-०२-२५ | समुन्द्र मेडिको फर्मा | ६११५१८ | बोलपत्र |
| संघीय सर्सत | २०१/२७८-२०८२-०३-२२ | समुन्द्र मेडिको फर्मा | ६८५७३१ | बोलपत्रदर रेटमा |
